'सबै राजनीतिक दलमा पुनर्गठन र रूपान्तरण अनिवार्य छ' पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ • अंक १४० • २०८२ साल आश्विन २७ गते सोमबार (13 October, Monday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-



## दोहोरो दबाबमा जनमत पार्टी

**टुडे समाचारदातार**

जनकपुरधाम । जनमत पार्टी अहिले दोहोरो दबाबमा परेको छ । केही महिनादेखि विभाजनको अभ्यासमा रहेको जनमत पार्टी औपचारिक रुपमा विभाजित भएको छ ।

मधेश प्रदेशको नेतृत्व गरिरहेको जनमत पार्टीका मुख्यमन्त्री अल्पमतमा परेर मंगलबार विश्वासको मत फेस गर्ने भएका छन् ।

जनमत पार्टीबाट अलग भएका उपाध्यक्ष दीपक साह सहितका नेताहरुले आइतबार निर्वाचन आयोगमा छुट्टै दल दर्ताको प्रक्रिया अगाडि बढाएका छन् ।

दीपक साहको नेतृत्वमा जनस्वराज पार्टी दर्ताका लागि निर्वाचन आयोगमा निवेदन दिइएको छ । साह यस अघि जनमत पार्टीको उपाध्यक्ष थिए । साह नेतृत्वको जनस्वराज पार्टीमा जनमत पार्टीका १५ जना कार्यकारिणी समिति सदस्य संलग्न रहेको दाबी गरिएको छ ।

नयाँ पार्टीमा ई.सुरेन्द्र नारायण यादव, हेमलता रजक, शम्भुनाथ साह लगायत छन् । ई.यादव जनमत पार्टीको संस्थापक कोषाध्यक्ष थिए । उनले जनमतका अध्यक्ष सी.के.राउतसित हिसाब माग गर्दा अनुशासनको कारबाहीमा परेका थिए । जनमत पार्टीका अध्यक्ष राउतले नेताहरुलाई अनेक आरोप लगाएर पार्टीबाट स्पष्टिकरण सोध्ने र निकाला गर्ने आरोप लाग्दै आएको छ । राउतले निलम्बन र बर्खास्त गरेकाहरु संगठित भएर नयाँ दल दर्ता गराएका छन् ।

जनमत पार्टीका अध्यक्ष राउतले पार्टीलाई पारिवारिक कम्पनी बनाएको आरोप लगाउँदै अलग्गिएका नेताहरुले आर्थिक अनियमितता र तानाशाही प्रवृत्तिको कारण जनमत पार्टी आउँदो चुनावमा पतन हुने दाबी गरेका छन् ।

मधेश प्रदेश सरकारको नेतृत्वबाट अपमानपूर्ण ढंगले सत्ताच्यूत हुन लागेका सतीश कुमार सिंह पनि राउतविरुद्ध लाग्ने धारणा आफ्ना सहयोगीहरु मार्फत प्रष्ट गरिसकेका छन् । आफ्नै दलका मुख्यमन्त्रीलाई हटाएर सरकारमा मन्त्री पठाउने राउतको निर्णयबाट नेता, कार्यकर्ताहरुमा असन्तुष्टि बढेको छ ।

## पूर्वसभामुख महरा पक्राउ

# ९ किलो सुन तस्करीमा संलग्नता पुष्टि, अख्तियारमा पनि अनुसन्धान

**टुडे समाचारदाता**

काठमाण्डु । सुन तस्करीको आरोपमा नेकपा माओवादी केन्द्रका उपाध्यक्ष समेत रहेका पूर्वसभामुख कृष्णबहादुर महरा पक्राउ परेका छन् ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले आइतबार उनलाई पक्राउ गरिएको जनाएको छ । सीआईबीले जारी गरेको प्रेस विज्ञप्ति अनुसार महरालाई सुन तस्करी प्रकरणमा पक्राउगरि थप अनुसन्धान भइरहेको जनाएको छ ।

चिनियाँ सुन तस्करले फ्लाई दुबईको उडानबाट २०७९ पुस १० गते सुन लुकाइएको ७३ वटा बट्टा भेपको नेपाल ल्याएका थिए ।

सुन तस्करीको आरोप लागेका महरालाई २०८१ सालको चैत ९ गते जिल्ला सरकारी वकिलको कार्यलयले स्वास्थ्य अवस्थालाई दृष्टिगतगरि अनुसन्धानका लागि बोलाएका बेला उपस्थित हुने गरी छोरा निर्मल महराको जिम्मा लगाइएको थियो ।

विद्युतीय चुरोट (भेप)मा लुकाएर ३ वर्षअघि सुन तस्करी गराएको प्रकरणमा प्रहरी र जिल्ला सरकारी वकिल कार्यालय काठमाण्डुबाट क्रमिक रुपमा उन्मुक्ति पाएका थिए । भेपमा लुकाएर सुन तस्करी गराएको आरोपमा महरा २०७९ सालमा नै अनुसन्धानमा तानिए पनि राज्यशक्तिको प्रभावमा उनीमाथि मुद्दा चलाइएको थिएन ।

महराको छोरा निर्मलका नाममा रहेको मोबाइलबाट तस्करीमा संलग्न हाल फरार रहेका चिनियाँ नागरिक लुई हानसोङसँग ११ पटक सम्पर्क भएको प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) ले किटान गरेर प्रतिवेदन तयार पारेको स्रोतले जनाएको छ। सुन तस्कर दाओजिन वाङले पनि महरालाई ११ पटक फोन सम्पर्क गरेका थिए । त्यही बेला महराको अर्का छोरा राहुलसँग २८ पटक फोन सम्पर्क भएको कल डिटेलबाट खुलेको छ ।

तत्कालीन समयमा ८ करोड ५५ लाख मूल्य पर्ने करिब ९ किलो सुन तस्करी तथा बेचबिखनमा महरा बाबु-छोरा संलग्न रहेको सीआइबीको प्रतिवेदनमा टेलिफोन नम्बरसहित किटान गरिएको छ। भेपमा लुकाएर सुन ल्याउने चिनियाँ नागरिक लुईसँग व्यक्तिगत रूपमा सम्बन्धमा रहेका महरा बाबु-छोराले उनलाई सहयोग पुऱ्याउन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सारका अधिकारीलाई तारन्तार फोन गरेको सीआइबीले प्रतिवेदनमा उल्लेख गरेको छ। प्रतिवेदन अनुसार सुन ल्याउने मात्र होइन, भन्सारमा रोकिएपछि त्यहींबाट



शक्तिको दुरुपयोग गरी उक्त सुन लिलाम गरी बिक्री गर्नेसम्मको योजना थियो ।

चिनियाँ संगठित गिरोहसँग मिलेर सुन तस्करी गरेको आरोप लागेका महरामाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गरिरहेको छ ।

महरासँग सुन तस्करी प्रकरणमा अख्तियारले बिहीबार टंगालस्थित कार्यालयमा बोलाएर बयान लिएको थियो । अख्तियारले अनुसन्धानको प्रक्रियालाई अगाडि बढाएको छ ।

संसद सचिवालयकी एक कर्मचारीमाथि यौन शोषणको अभियोग पुष्टि भएपछि २०७६ साल असोज १४ मा उनले सभामुख पदबाट राजीनामा दिएका थिए ।

माओवादी राजनीतिको मूल प्रवाहमा २०६२/६३ मा आएसँगै महरा ४ पटक सांसद र ६ पटक मन्त्री तथा १ पटक सभामुख बनेका थिए । त्यसभन्दा अघि पनि उनी विवादमा परेका थिए ।

चिनियाँ नागरिक ली हानसोङ २०७९ पुस १० मा फ्लाई दुबईको उडानबाट आउँदा भेपको ७३ बट्टामा ७ सय ३० थानमा करिब ९ केजी सुन लुकाएर ल्याएका थिए । भेप जाँचपासका क्रममा शंकास्पद देखिएपछि त्रिभुवन विमानस्थल भन्सार गोदाममा राखेर अनुसन्धान थालिएको थियो ।

करिब डेढ महिना भेप भन्सार गोदाममै थन्किएको थियो। त्यहीबीच केही कर्मचारीलाई हातमा लिएर गिरोहले भन्सारमा सुन रहेका भेप उम्काएर बजारबाट किनेर ल्याएर फेरबदल गरेको थियो । सामान साटफेर हुनुअघि सुन भएको भेप छुटाउन महरा बाबु-छोराले कर्मचारी, गिरोहका सदस्य र बिचौलियासँग पटक-पटक टेलिफोन संवाद गरेको तथ्य अनुसन्धानबाट प्रष्ट भइसकेको छ ।

भन्सारले नियन्त्रणमा लिएका भेप लिलामी प्रक्रियामा लैजान सुरसार गरेपछि गिरोहकै एक व्यक्ति आएर 'यो खास किसिमको भेप हो, हामी आफैं सकाछौँ' भनेपछि भन्सार प्रमुख अरुण पोखरेलले थप सोधपुछ र अनुसन्धान गर्दा मात्रै त्यसमा सुन लुकाएर ल्याइएको तथ्य खुलेको थियो । तर, त्यो बेलासम्म गिरोहले सुन भएको भेप फुत्काएर अरू नै भेप गोदाममा राखेको पोल खुल्यो ।

त्यसपछि मात्रै पोखरेलले यसमा अनुसन्धान गर्न सीआईबीलाई जिम्मा दिएका थिए। ब्युरोको अनुसन्धानपछि मात्रै यो प्रकरणमा चिनियाँ गिरोहले भेपका नाममा भित्रिएको सुन छुटाउन महरा बाबु-छोरा परिचालन गरेको पोल खुलेको थियो ।






## वीरगञ्ज भन्सार : पेट्रोलियम पदार्थबाट रु ११ अर्ब १८ करोड राजस्व सङ्कलन




वीरगञ्ज । वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्षको दुई महिनामा सबैभन्दा धेरै राजस्व पेट्रोलियम पदार्थको आयातबाट रु ११ अर्ब १८ करोड सङ्कलन गरेको छ ।

कार्यालयले चालु आवको दुई महिनामा रु २६ अर्ब ३३ करोड खर्चिएर पाँच थरिका पेट्रोलियम पदार्थ आयात गरेको हो । आयातबाट प्राप्त कुल राजस्वमा मुख्य २० वस्तुबाट प्राप्त राजस्वको योगदानमा पेट्रोलियम पदार्थको हिस्सा भने २८ दशमलव ५६ प्रतिशत रहेको छ ।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक विष्णुप्रसाद ज्ञवालीका अनुसार भन्सारको राजस्वमा पेट्रोलियम पदार्थ र सवारीसाधनको योगदान निकै उच्च रहेको जानकारी दिनुभयो । "यहाँको भन्सार आयातमा निर्भर रहेको छ । जसमा पनि पेट्रोलियम पदार्थ र सवारीसाधनको हिस्सा भने महत्त्वपूर्ण छ । यस्तै, यातायातका साधन र तिनका पार्टपुर्जा आयातबाट भने रु छ अर्ब १४ करोड अर्थात् १५ दशमलव ६८ प्रतिशत रहेको छ ।

त्यसैगरी, फलाम तथा फलामबाट बनेका सामानबाट भने रु दुई अर्ब ५४ करोड अर्थात् छ दशमलव ४९ प्रतिशत राजस्वको हिस्सा रहेको छ । सबै प्रकारका कपडाबाट रु एक अर्ब ९८ करोड अर्थात् पाँच दशमलव ०६ प्रतिशत हिस्सा ओगटेको छ । वीरगञ्ज भन्सार कार्यालयले चालु आवको दुई महिनामा रु ३९ अर्ब १५ करोड राजस्व सङ्कलन गरेको छ । रासस

# महोत्तरीको नौ वटा पालिकामा मात्रै दुई हजार हेक्टर धानबाली नष्ट



जलेश्वर । गत आइतबार र सोमबार जिल्लाको रातो नदीको तटबन्ध भत्किएर आएको भीषण बाढीले नौ पालिकामा मात्रै करिब दुई हजार हेक्टरमा लगाइएको धानबाली नष्ट भएको छ ।

कृषि ज्ञान केन्द्रका प्रमुख देवानन्द यादवका अनुसार जिल्लाका १५ पालिकामध्ये अहिलेसम्म नौ पालिकाबाट मात्रै प्राप्त विवरणअनुसार बाढीले करिब दुई हजार हेक्टर जमिनमा लगाइएको धानबाली डुबाएर नष्ट भएको छ । उहाँका अनुसार अहिलेसम्म प्राप्त भएको विवरणअनुसार जिल्लाको महोत्तरी गाउँपालिकामा सबैभन्दा बढी ६०० हेक्टर, बलवा नगरपालिकामा ५०० हेक्टर, मटिहानी नगरपालिकामा ३०० हेक्टर, एकडारा गाउँपालिकामा ३०० हेक्टर, लोहारपट्टी नगरपालिकामा १०० हेक्टर, भङ्गाहा नगरपालिकामा ८६ हेक्टर, औरही नगरपालिकामा २३ हेक्टर, गौशाला नगरपालिकामा २० हेक्टर र सोनमा गाउँपालिकामा १० हेक्टर गरी एक हजार ९३९ हेक्टर जग्गामा लगाइएको धानबाली नष्ट भएको छ । त्यसैगरी, ती पालिका बाढीले गर्दा नै एक हजार २९० हेक्टर उखुबाली, ६३६ हेक्टर तरकारी बाली र १५३ हेक्टर जग्गामा लगाइएको दलहन बाली नष्ट भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । उखुबालीमा सबैभन्दा बढी सोनमा गाउँपालिकामा ८७५ हेक्टर र तरकारी बालीमा सबैभन्दा बढी मटिहानी नगरपालिकामा १०० हेक्टर क्षति भएको जनाइएको छ ।

रातो नदीको तटबन्ध भत्किएर जिल्लाका १० नगरपालिका र पाँच गाउँपालिका नै प्रभावित हुनेगरी जिल्लामा भीषण बाढी आएको थियो । त्यसले कृषि क्षेत्रमा ठूलो क्षति पुऱ्याएको छ । कृषि ज्ञान केन्द्रले बाढीबाट कृषि क्षेत्रमा भएको क्षतिको विवरण प्रत्येक पालिकाबाट माग गरेकामा अहिलेसम्म नौ पालिकाले मात्रै क्षति विवरण उपलब्ध गराएको छ । रासस

# प्राकृतिक विपत्ति बिर्संदै चाडपर्वको तयारीमा मैथिल



महोत्तरी । अविरल वर्षासँगै बाढी र डुबान खेप्दै दशहारा (दसैं) पर्व सकेका मधेसको महोत्तरीसहितका मिथिला क्षेत्रका बासिन्दा प्राकृतिक विपत्तिलाई बिर्सँदै दीपावली र छठसहितका मुख्य पर्वको तयारीमा जुटेका छन् । दीपावलीमा बस्तीका सडक, ढल सरसफाइ गर्दै घर सिङ्गार्ने मैथिल परम्पराअनुसार यतिखेर यहाँका बस्तीबस्तीमा पर्वको उल्लास छाउँदो छ । सबै घरघरमै जसो दीपावली र त्यसलगत्तै आउने निष्ठाको पर्व छठको तयारी देखिँदो छ । उज्यालोको पर्व मानिने दीपावली र छठको तयारीले अहिले मिथिला क्षेत्र पर्वमय बन्दो देखिँदैछ ।

"दशहारा त बाढी, डुबानबीचमै बित्यो, मन खोलेर रमाइलो गर्न पाइएन । वर्ष दिनमा आउने पर्व हुन्, अब दीपावली र छठ राम्ररी मनाउन पाइयोस् भन्ने छ", घररङरोगनमा व्यस्त भङ्गाहा-५ कटैयाकी ६० वर्षीया रामराजी यादव भन्नुहुन्छ, "काममै दलिएर भए पनि रमाउने भनेको चाडपर्वमै हो ।" बस्तीबस्तीमा राष्ट्रिय महत्वका यी पर्वको तयारीले मिथिला क्षेत्रमा अहिले चहलपहल निकै बढेको छ ।

कार्तिक कृष्ण त्रयोदशीका दिन 'धनतेरस' मनाएर सुरु गरिने मिथिलाको दीपावली पर्व कात्तिक शुक्ल द्वितीयाका दिन 'भैयादुज' मनाएर सम्पन्न गर्ने परम्परा छ । दीपावलीमा घरगाउँ झिलीमिली बनाउने यहाँको स्थापित परम्पराले केही दिन अगाडिदेखि नै पर्वको तयारी सुरु हुने गरेको छ । कार्तिक कृष्णपक्षको एकतिहाइ कटिसक्दा अब पर्वले छ्यप्पै छोपेको मैथिल बताउँछन् । "दीपावली र छठमा पूजाका सामग्री राखनधरनका लागि माटो मुछेर बनाइएका र बाँसको कप्टेराले बुनिएका नयाँ भाँडाको प्रयोग गरिने चलन छ । मैथिल यस प्रयोजनका लागि आवश्यक पर्ने माटाका तौला, छ्यौँची, कलशको अङ्खरा, दीपमालिका गरिने दियौरी तथा बाँसको कप्टेराले बुनिएका ढाकी, छिटी, नाङ्लो, चाल्नोसहितका सामानको जोहोमा लागेका छन् । "पवनी (पर्व) त अब आइ नै सक्यो माटाका भाँडा बनाउने कुम्हाल र बाँसको कर्ची (कप्टेरा)ले छिटीसहितका सामग्री बुन्ने बिनहरूसँग सम्पर्क गरेर टुङ्गो गरिसकेकी छु", मटिहानी-९ बहुअर्बाकी गृहिणी उषा ठाकुर भन्नुहुन्छ, "अब घर लिपपोत र रङरोगन थालिहाल्नु छ ।" पर्वको तयारीसँगै बाढीले लडाएका धानका बोट उठाउने, तरकारी बाली स्याहार्ने धमाधमले यतिखेर मैथिल व्यस्त देखिन्छन् । खासगरी तरकारीखेतीका किसानलाई भ्याइनभ्याइ छ ।

"चाडपर्वले छोपिसक्यो, कामहरू भ्याइनभ्याइ छन्", भङ्गाहा-४ का किसान गङ्गाराम महतो भन्नुहुन्छ, "भाण्टा र भिण्डी (रामझिगनी) दुईदुई दिनको पालोमा टिपेर बजार लानपर्छ, एक दिन ढिला भए छिप्पिन्छ ।" चाडपर्वको मेसो पनि यिनै फसल बेचेर त मिलाउन पर्नेहुँदा झन् बढी व्यस्त हुनुपरेको महतोको भनाइ छ । मैथिलका खेतीपातीदेखि सबै व्यावसायिक काम अहिले पर्वकेन्द्रित बनेका छन् ।

यहाँ बर्खेधान खेतमा पाकेर पहेँलपुर छ । यो धान दीपावलीअघि थन्क्याइसक्नुपर्ने हुन्छ । दीपावली र छठका लागि बजार लगिनुपर्ने तरकारी बालीको स्याहार किसानको नियमित तालिकाकै काम हुन् । दीपावली र छठमा कतिपय कृषिउपज विधिमै उपयोग गरिने परम्पराले किसान अहिलेदेखि नै त्यसको तारतम्य मिलाउन लागिपरेका छन् । खासगरी छठमा उखुका लाँक्रा, अदुवा, बेसारका गानो र पातसहितका बोट, ज्यामिर र अन्य कन्दमूल पूजा सामग्री नै हुन्छन् । छठताका यिनको माग र बिक्री राम्रो हुने भएपछि थोरै करेसाबारी हुने गरिबका उत्पादनले पनि बजार पाउँछन् ।

यसैगरी बाँसको चोया र कप्टेराले बुनिने डाला, छिटी, नाङ्लो र चाल्नोसहितका राखनधरनका सामग्री बनाउने बिन र डोम समुदायलाई अहिले कामको चटारो छ । यसैगरी माटाका भाँडा बनाउने कुम्हाल रातदिन नभनी काममा जुटेका छन् । अब अन्य बेला कम प्रयोग हुने यस्ता भाँडा दीपावली र छठमा मात्र बिक्री हुनेहुँदा अहिले यिनीहरूको व्यस्तता बढेको हो । ससाना नानीहरूको रहर मेट्न पनि अभिभावकले दीपावली र छठ भनेर थुमथुम्याएका हुन्छन् । यसले बालबालिका र किशोरकिशोरी यो चाड कहिले आउँला भनेर पर्खेका हुन्छन् । उमेरले १५ वर्ष नाघेका किशोरकिशोरी रमाइलोका लागि पिङ बनाउने र चङ्गा उडाउने तयारी गर्दैछन् । पर्वको उमङ्ग किशोरवय टेक्दै गरेका बालबालिका, किशोर र युवामा बढी देखिँदो छ । बस्तीबस्तीमा सडक, ढल सरसफाइमा बस्तीका बासिन्दा आफैँ जुटेका छन् । जताततै पर्वले मिथिला उमङ्गित देखिएको छ । रासस

# 'बहुभाषिक कविगोष्ठीले नेपाली मौलिकताको अनुहार झल्कियो'



काठमाण्डु । नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले बहुभाषिक कविगोष्ठीले नेपाली मौलिकताको अनुहार झल्किने बताउनुभएको छ ।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)को २२औँ स्थापना दिवसका अवसरमा नेपाल प्रज्ञा-प्रतिष्ठानको आयोजना तथा गैरआवासीय नेपाली सङ्घ र भाषा साहित्य समितिको सहकार्यमा यहाँ आयोजित 'साहित्यिक गोष्ठी तथा बहुभाषिक सिर्जना' वाचन कार्यक्रममा साहित्यिक गोष्ठी तथा बहुभाषिक सिर्जना' वाचन कार्यक्रमलाई सम्बोधन गर्दै कुलपति राईले नेपालका सबै भाषाको प्रतिनिधित्वसहित गरिएको सिर्जना वाचनले नेपाली समाजको मौलिक अनुहार प्रतिविम्बित भएको बताउनुभयो । उहाँले संसारभरि छरिएर रहेका नेपालीले आफ्नो भाषा, साहित्य र संस्कृतिलाई विस्तारित गरेको उल्लेख गर्नुभयो । "यसबाट बहुभाषिक देश नेपाललाई समान रूपमा समृद्ध बनाउन सकिन्छ", कुलपति राईले भन्नुभयो । प्रज्ञा-प्रतिष्ठानको संरचना विगतको जस्तो एकल भाषी नभई बहुभाषिक प्राज्ञिक केन्द्रको रूपमा अघि बढेको उहाँको भनाइ थियो ।

प्रज्ञा-प्रतिष्ठानका सदस्यसचिव डा धनप्रसाद सुवेदीले नेपाली भाषा र साहित्यको विकासमा गैरआवासीय नेपाली सङ्घसँग सहकार्य गर्दै अघि बढ्न सकिने बताउनुभयो । प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य तथा साहित्य मातृभाषा विभाग प्रमुख राजन मुकारुङले मुलुक चलाउन नेपालमा बोलिने सबै तहतप्का र समुदायका भाषालाई प्रवर्द्धन गर्दै राज्यले समान व्यवहार गर्नुपर्नेमा जोड दिनुभयो ।

गैरआवासीय नेपाली सङ्घ अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष महेशकुमार श्रेष्ठले विदेशमा रहेका नेपालीका सन्तानलाई नेपाली भाषा, साहित्य, संस्कृतिप्रति आकर्षित गर्दै आफ्नो मौलिकताको संरक्षण गर्नुपर्ने बताउनुभयो । भाषा जोगाएनौँ, संस्कृति बचाएनौँ र साहित्य सिर्जना गरेनौँ भने सभ्यता तथा इतिहास नामेट हुने खतरा रहने उहाँको भनाइ थियो । गैरआवासीय नेपाली सङ्घ अन्तर्राष्ट्रिय समन्वय परिषद्का पूर्व महासचिव जानकी गुरुङले आफूहरू जहाँ रहे पनि नेपालप्रतिको अगाध स्नेह, माया र ममतामा कुनै कमी नआउने बताउनुभयो । नेपाली भाषा प्रवासमा रहेका नेपालीका सन्तानलाई समयमै सिकाएर आफ्नो मातृभाषा जोगाउन सके मात्रै पहिचान बाँच्ने उहाँले बताउनुभयो ।

कार्यक्रममा एनआरएनए अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष महेशकुमार श्रेष्ठ, गैरआवासीय नेपाली सङ्घकी महिला संयोजक रश्मीकाली थापा, गैरआवासीय नेपाली सङ्घ अन्तर्राष्ट्रिय समन्वय परिषद्का उपाध्यक्ष तथा भाषा, साहित्य समितिका संयोजक विश्वासदीप तिगेला, एनआरएनए भाषा साहित्य समितिका सदस्य कथा कवि अमित थेबेलगायतले नेपाल बहुभाषिक देश भएकाले सबै भाषाको उत्तिकै समान हैसियत कायम गर्न बहुभाषिक सिर्जना वाचन महत्त्वपूर्ण हुने बताउनुभयो ।

बहुभाषिक सिर्जना वाचन कार्यक्रममा नेपाली भाषा, विभिन्न मातृभाषा र अङ्ग्रेजी भाषामा गरी ५९ कविले आफ्ना कविता वाचन गर्नुभएको थियो । नेपाल प्रज्ञा-प्रतिष्ठानका प्राज्ञसभा सदस्य चेतनाथ धमलाले नेपाली भाषा र अर्का प्राज्ञसभा सदस्य जनक रसिकले डोट्याली भाषामा कविता वाचन गर्नुभएको थियो । कविगोष्ठीमा प्रा डा गोविन्दमान सिंह कार्की, विश्वासदीप तिगेला, मनोज न्यौपाने, स्वप्निल स्मृति, रमेश पौडेल, विमला तुम्खेवा, सन्ध्या पहाडी, मणिराज सिंह, देवेन्द्र सुर्केली, अमित थेबे, जनार्दन अधिकारी धड्कन, तीर्थराज भट्ट, सङ्गीता काली, मिथोच सुनुवार, विशाल नाल्बो, मिमबहादुर परियार, सोझो गाउँले, निरन्ती तुम्बापोलगायतले नेपाली भाषामा आ-आफ्ना कविता वाचन गर्नुभएको थियो ।

मातृभाषाका कवि अञ्जु राजवंशी, ओमकृष्ण श्रेष्ठ, जगत् वशिष्ठ, गणेश वाम्बुले राई, डम्बर थामी, निशेष आङ्देम्बे, पदम बालाहाङ राई, पेम्बा गेलु शेर्पा, भूमिका थारु, राकेशबहादुर बुढा मगर, आलोक तिवारी, शर्मिला राना थारु, शोभा सुनुवार, रचना मोक्तान तामाङ, स्नेहा झा, मनु ठाडा मगर, रितेश त्रिपाठी, प्रगति राई, विमला गुरुङ, प्रकृति थारू, शिलाखा वाम्बुले राई, निरा श्रेष्ठलगायतले कविता वाचन गर्नुभएको थियो । रासस

## घटस्थापनायता काठमाडौँमा १७५ दुर्घटना, नौ जनाको मृत्यु

काठमाण्डु । दशैंको घटस्थापनादेखि आजसम्म काठमाडौँ उपत्यकामा १७५ सवारीसाधन दुर्घटनामा परी नौ जनाले ज्यान गुमाएका छन् ।

दशैंको घटनस्थापनादेखि आजसम्म उपत्यकामा १७५ सवारीसाधन दुर्घटना भएका र उक्त दुर्घटनामा परी १८८ जना गम्भीर घाइते भएका काठमाडौँ उपत्यका ट्राफिक कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार अधिकांश घटना रातिको समयमा दुर्घटना भएका छन् ।

ट्राफिक प्रहरीको सक्रियतामा गत वर्षको तुलनामा यसवर्षको दसैंमा काठमाडौँ उपत्यकामा सवारीसाधन दुर्घटनामा निकै कमी आएको प्रवक्ता सुवेदीले बताउनुभयो । उहाँले भन्नुभयो, "हामीले दसैं सुरु हुनुअघिदेखि नै सवारीसाधनको जाँचलाई कडाइ गरेका थियौँ, मापसे (मादकपदार्थ सेवन)जाँच, चालक अनुमतिपत्रको निरीक्षण तथा गति सीमामा ध्यान दिने कुरामा पनि ट्राफिक प्रहरी सक्रिय थियो ।"

ट्राफिक प्रहरीले सवारीसाधन चालकलाई विशेषगरी रातिको समयमा चलाउँदा सावधानी अपनाउन, मादक पदार्थ सेवन नगर्न, ट्राफिक नियमको पूर्ण पालना गर्न र सुरक्षित यात्राका लागि सवारी जाँचलाई समर्थन गर्न आह्वान गरेको छ ।

रातिको समयमा सडक सुनसान हुने, चालकले सावधानी नअपनाउने र कतिपय अवस्थामा नशाको अवस्थामा तीव्र गतिमा गाडी चलाउनेजस्ता कारणले दुर्घटनाको जोखिम बढ्ने गरेको प्रवक्ता सुवेदीको भनाइ छ ।रासस

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

नाम परिवर्तन सम्बन्धी सूचना

श्री जगदम्बा आर.एम.सी.एण्ड कन्स्ट्रक्सन, (दर्ता नम्बर : २१७११२),
मिथिला नगरपालिका-९, धनुषा, (प्यान नम्बर : ६०९५५४६९२),

तहाँ कम्पनीको मिति २०८२-०६-०२ को साधारण सभा/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको नाम तपसिल बमोजिम परिवर्तन गर्ने गरी कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको संशोधनलाई तल उल्लेखित शर्त पालना गर्नेगरी स्वीकृति प्रदान गरिएको व्यहोरा मिति २०८२-०६-०७ को निर्णयानुसार जानकारी गराइन्छ ।

**तपसिल**:
साविकको नामः जगदम्बा आर.एम.सी.एण्ड कंक्रिट
संशोधित नामः जगदम्बा आर.एम.सी.एण्ड कन्स्ट्रक्सन

**शर्तहरू**:
साविक कम्पनीको नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्नपर्ने कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने ।
कम्पनीको नाम परिवर्तनको सम्बन्धमा ३० (तीस) दिनभित्र राष्ट्रिय स्तरको पत्रपत्रिकामा ३ पटक सार्वजनिक सूचना प्रकाशन गरी सोको प्रति यस कार्यालयमा पठाउने ।
कम्पनीको लेटर हेडमा तलपट्टी साविक कम्पनीको नाम कम्तीमा १ वर्षसम्म उल्लेख गर्ने ।
नामका सम्बन्धमा भ्रम सृजना भई उजुरी परेमा नाम संशोधन गर्ने ।
सम्बन्धित निकायको स्वीकृत लिनुपर्ने भए लिई कार्यान्वयन गर्ने ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | पारिवारिक जीवनमा समर्थन मिल्नेछ भने कार्यक्षेत्रमा सम्मान प्राप्त हुनेछ । |
| वृष : | आफ्नो भावनालाई व्यक्त गर्दा संयमित हुनु बुद्धिमानी हुनेछ । |
| मिथुन : | नयाँ कार्य योजनाहरु अघि बढाउने अनुकुल समय छ । |
| कर्कट : | घरपरिवारप्रतिको जिम्मेवारी बढ्नेछ । |
| सिंह : | आत्मबल र जोशले भरिएको देखिन्छ । |
| कन्या : | भावना र बौद्धिकधता बीचको द्वन्द्वले निर्णय गर्न कठिनाई ल्याउन सक्छ । |
| तुला : | पुराना समस्या समाधान हुँदै जानेछन् । प्रेममा राम्रो समय छ । |
| वृश्चिक : | कुनै महत्वपूर्ण निर्णय गर्नु छ भने आजको दिन अनुकूल छ । |
| धनु : | अध्ययन, यात्रा वा धर्मसंग जोडिएको गतिविधिमा सहभागी हुन सकिने दिन हो । |
| मकर : | बाहिरी परिस्थिति अनुसार आफूलाई ढाल्न सकेमा लाभ हुने सम्भावना छ। |
| कुम्भः | नयाँ विचार र योजना बनाउन अनुकूल छ । |
| मीन : | जीवनमा केही कुराहरु नयाँ ढंगले बुझ्न सकिनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरतीःसाँझा | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# एकीकृत समाजवादीको केन्द्रीय कमिटी बैठक बोलाउन माग




काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का अधिकांश नेताहरूले केन्द्रीय कमिटी बैठक बोलाउन माग गरेका छन् । निर्वाचन अगाडि समान विचारधारा भएका दलहरूबीच तथा वाम-समाजवादी पार्टीहरूको सहकार्य र एकताबारे विस्तृत रूपमा आन्तरिक छलफल गरी टुङ्गो लगाउन उनीहरूले बैठकको माग गरेका हुन् ।

पार्टीका सम्मानित नेता एवं पूर्वप्रधानमन्त्री झलनाथ खनाल, उपाध्यक्ष प्रकाश ज्वाला, महासचिव घनश्याम भुसाल, सचिव बलदेव चौधरी, गरिमा शाह, जीवनराम श्रेष्ठ, विजय पौडेल, रामकुमारी झाँक्री, अशेष घिमिरे, दामोदर अर्याललगायत कार्यसमितिका अधिकांश नेताहरूले केन्द्रीय कमिटी बैठकबाट छलफल गरी टुङ्गो लगाउन सुझाव दिनुभएको छ ।

केन्द्रीय प्रचार विभाग उपप्रमुख दामोदर अर्यालले एकता गर्दा पार्टीको राजनीतिक दृष्टिकोण, सैद्धान्तिक आधार, पछिल्लो पुस्ताका मागअनुसार राजनीतिक कार्यक्रम तथा दीर्घकालीन प्रभाव पार्ने नेतृत्वका विषयमा विश्लेषण गर्न अविलम्ब बैठक बोलाउन आवश्यक रहेको बताउनुभयो । उहाँले फरक राजनीतिक पृष्ठभूमि भएका दलहरूबीच एकता गर्दा नीति, नेतृत्व, सक्षमता तथा योग्यताअनुसार नेताहरू व्यवस्थापनलगायत विषयमा सुक्ष्म अध्ययन गर्न पार्टीमातहतका कमिटी, सबै जनवर्गीय सङ्गठनका सुझावलाई प्राथमिकतामा राखेर निर्णय लिन बैठकको मिति र स्थान छिट्टै तय गर्नुपर्ने बताउनुभयो ।

नेकपा (एमाले)सहित बृहत् वाम एकता गर्ने तथा समाजवादी मोर्चा आबद्ध दलहरूबीच एकता गर्ने भन्ने विषयमा नेताहरूबीच फरकफरक मत छ ।

मुलुकमा विद्यमान संविधान तथा लोकतान्त्रिक प्रणालीको रक्षाका लागि आगामी फागुन २१ गते हुने निर्वाचनमा भाग लिने निर्णय गरेको सो पार्टीले भयरहित र निष्पक्ष निर्वाचनको वातावरण बनाउन सरकारलाई आग्रह गरेको छ । गत भदौ अन्तिम साता केन्द्रीय कमिटीको बैठक आह्वान गरेको भए पनि जेनजीको आन्दोलनका कारण बैठक स्थगित गरिएको थियो । रासस

# अनुमति लिएरमात्र क्यासिनोले विदेशी मुद्राको कारोबार गर्नुपर्ने

काठमाण्डु । नेपाल राष्ट्र बैंकले क्यासिनोलगायतका संस्थाले इजाजत लिएरमात्र विदेशी मुद्राको कारोबार गर्नुपर्ने व्यवस्था गरेको छ ।

केन्द्रीय बैंकले एक सूचनामार्फत विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९को प्रणालीसम्बन्धी एकीकृत निर्देशन जारी गर्दै प्रिपेड कार्ड, डेबिट कार्ड र क्रेडिट कार्डबाट गरिने कारोबारको सीमा निर्धारण गरिएको छ । नयाँ व्यवस्थाअनुसार डेबिट कार्डबाट प्रतिकारोबार रु २० हजारबराबरमात्र गर्न सकिनेछ ।




दफा ३ अनुसार इजाजत लिएरमात्र विदेशी विनिमयको कारोबार गर्नुपर्ने प्रावधानअनुसार नै नयाँ प्रबन्ध गरिएको जनाएको छ । विदेशी विनिमयका सम्बन्धमा विभिन्न विनियमावली जारी भएको स्मरण गराउँदै केन्द्रीय बैंकले क्यासिनोलाई विदेशी विनिमयको कारोबार गर्न इजाजत प्रदान गर्ने स्म्बन्धमा नयाँ व्यवस्था गरिएको हो । क्यासिनोलगायतका संस्थाले इजाजत लिएर विदेशी विनिमय (भारतीय मुद्रासमेत)को कारोबार गर्नु/गराउनुपर्ने केन्द्रीय बैंकको सूचनामा उल्लेख छ ।

यस्तै, भुक्तानी

यो व्यवस्थाअनुसार अब प्रतिदिन रु ५० हजारबराबरको मात्र कारोबार हुनेछ । यसअघि प्रतिदिन रु एक लाखबराबरको कारोबार गर्न सकिन्थ्यो ।

त्यसैगरी, प्रिपेड कार्डबाट प्रतिकारोबार रु १० हजार बराबरमात्र गर्न सकिनेछ । प्रतिदिन रु २० हजारबराबरमात्र कारोबार गर्न सकिने र मासिक रूपमा रु दुई लाख बराबर कारोबार हुनेछ । प्रिपेड कार्डबाट हुने कारोबारमा भने कुनै संशोधन भएको छैन । क्रेडिट कार्डका हकमा स्वीकृत सीमाको १० प्रतिशतसम्म गर्न सकिने पुरानै व्यवस्था कायम छ । रासस

# तिहार नजिकिँदै गर्दा बजारमा किनमेल गर्नेको चहलपहल बढ्दै

काठमाण्डु । तिहार सुरु हुन अझै केही दिन बाँकी भए पनि सङ्घीय राजधानी काठमाडौँका विभिन्न स्थानका बजारमा अहिले किनमेल गर्नेको चहलपहल बढेको छ ।

यसपटक तिहार आगामी कात्तिक २ गतेदेखि सुरु हुँदैछ । तर, तिहारमा आवश्यक पर्ने सामग्री पहिले नै किन्न उपभोक्ता बजारमा धाउन थालेका कारण चहलपहल बढेको व्यापारीहरू बताउँछन् । राजधानीका मुख्य व्यापारिक क्षेत्रहरू न्युरोड, असन, इन्द्रचोक, भोटाहिटी, लगनखेल, बानेश्वर, कोटेश्वर, थिमिलगायत स्थानमा तिहारको सामान किन्ने ग्राहकको चाप दिनप्रतिदिन बढ्दै जान थालेको छ ।

उपत्यका छाडेर बाहिर जानेहरू लगायतले अहिले माटोका पाला (दियो), झिलीमिली बत्ती, सप्तरङ्गी टीका, मखमली फूलका माला, लक्ष्मी पूजामा प्रयोग हुने सामग्री, भाइमसला, अमला, ढाकाटोपी, भाँडावर्तन र लुगा कपडा किनमेल गर्ने गरेको असनका व्यापारी भाइकाजी मर्हजनले बताउनुभयो ।

उहाँले भन्नुभयो, “अहिले यहाँका बजारमा तिहारको किनमेल गर्नेका कारण रौनक बढ्दै गएको छ । तिहारका लागि



समग्री किन्नेको दैनिक रूपमा चाप बढ्दै जान थालेपछि रौनक पनि बढ्दै गएको हो ।”

यसैगरी तिहारलाई लक्षित गर्दै यहाँका सानाठूला पसल तथा सपिङ सेन्टरसम्मले विभिन्न अफर र छुटसहित सामान बिक्रीमा राखेका छन् । साँझको समयमा यहाँका सडकछेउ र फुटपाथमा पनि तिहारका सामान सजाइएको देख्न सकिन्छ । जहाँ ग्राहकको घुइँचो देख्न सकिन्छ ।

विशेषगरी साँझपख र बिदाका दिनमा बजारमा सामान किन्नेको निकै चहलपहल देखिने गरेको सुन्धारास्थित फुटपाथमा लुगा व्यापार गर्दै आउनुभएकी शान्ति भुजेलले बताउनुभयो । उहाँले भन्नुभयो, “नयाँ लुगा किन्ने तथा झिलीमिली बत्ती र घर सजावटको सामान किन्नेहरू उल्लेख्य देखिने गरेका छन् । किनमेल गर्नेका कारण अहिले व्यापार पनि राम्रो चल्दै छ ।”

भाइटीकाको दिनमा प्रयोग हुने भाइमसला प्याक, ढाकाटोपी, टीका सेट, मिठाई र ‘गिफ्ट आइटम’को माग बढ्दै गएको इन्द्रचोकका कपडा व्यापारी अमिरमान श्रेष्ठले बताउनुभयो । उहाँले भन्नुभयो, “अहिले विशेषगरी महिला र बालबालिकाका लागि आकर्षक लुगा तथा शृङ्गार सामग्री र तिहारमा चाहिने ढाकाटोपी, टीका सेटलगायत मिठाई पनि बढी बिक्री हुने गरेको छ ।”

चिसो बढ्न थालेपछि जाडोका कपडाको व्यापार बढ्न थालेको व्यापारीहरू बताउँछन् । अहिले यहाँका व्यापारीले जाडोलाई लक्षित गरेर सामान ल्याएर बिक्री गर्न थालेका छन् । रासस

## चितवनले नसम्झेको व्यक्तित्व बखानसिंह गुरुङः

# जीवन इतिहासको साहित्यिक पुनर्संरचना ‘बखान’

काठमाण्डु । जनकवि धरणीधर कोइरालाको भनाइमा साहित्य समाजको ऐना हो । जसमा समाजका बहुआयामिक पक्षहरू अनुभव, विचार, भावना, कल्पना र जीवनका विविध पक्षहरूलाई सौन्दर्यपूर्ण र सृजनात्मक भाषामा अभिव्यक्त गरिएको हुन्छ । वरिष्ठ पत्रकार वसन्त पराजुलीद्वारा लिखित उपन्यास ‘बखान’ले पनि नेपालको राजनीतिक विकासक्रम र खासगरी चितवनको राजनीतिका अतिरिक्त सामाजिक, आर्थिक, पर्यापर्यटन, वातावरणका अतिरिक्त बसाइँसराइ र यसका प्रभावहरूलाई अत्यन्त सरल, सहज किसिमबाट उजागर गर्न सफल भएको छ ।

व्यक्तिव्यक्ति मिलेर समाजको निर्माण भएको हुन्छ भने समाजले व्यक्तित्व निर्माण गर्दछ । समाजको सदस्यको रूपमा व्यक्तिले अनेकौं भूमिका निर्वाह गरेको हुन्छ । जब कुनै व्यक्तिले समाजलाई कसरी अगाडि बढाउने र समाजको परिवर्तनमार्फत नयाँ संसारको परिकल्पना गर्दछ त्यसलाई नै वास्तवमा नेता मानिन्छ । नेता त्यो हो, जसले असामान्य परिस्थितिमा सामान्य तरिकाले असामान्य समस्याको सामान्य समाधान निकाल्न सक्छ । सामान्य परिस्थितिमा जो कसैले पनि काम गर्न सक्छ तर सामान्य नागरिकले गरेभन्दा भिन्न र सहज तरिकाले जुनसुकै समस्याको पनि हल गर्न सकेमात्रै व्यक्ति वास्तविक नेता ठहरिन्छ । यसलाई पुस्तौंपुस्तासम्म सफल नेतृत्वदायी व्यक्तिका रूपमा सम्झिन्छ ।

भनिन्छ, इतिहास जित्नेहरूको मात्र लेखिन्छ र हारेकाहरूको खोजी तथा लेखन साहित्यका विभिन्न विधाहरूबाट प्रस्फुटन भएको हुन्छ । बखानसिंह गुरुङ राजनीतिक नेताको अतिरिक्त एक सामाजिक अभियन्ताका रूपमा उक्त कालखण्डमा स्थापित व्यक्ति हुन् । बखानसिंह सफल भए वा भएनन् उहाँले जिते वा जितेनन् छुट्टै बहसको बिषय होला तर उहाँको जीवनभरको लडाइँ विचार आदर्शले जितेका कारण नै अहिलेको पुस्ताले प्रजातन्त्र (लोकतन्त्र)को भरपूर उपयोग गर्न पाएको छ । जीवनको उतरार्द्धमा राजनीतिक रूपमा नेपाली कांग्रेसको मूलधार छाडेकाले कांग्रेसको इतिहासमा उहाँको नाम छाया परे पनि वा पारिए पनि उहाँको समग्र जीवन र त्याग तपस्यालाई नयाँ पुस्ताका माझ सशक्त रूपमा उजागर गरिदिन बखान उपन्यास सफल भएको छ ।

जीवनका घटनाहरूका बारेमा प्रत्यक्ष संलग्न भई सूचना सङ्कलन गरी जीवन इतिहास तयार पारिन्छ । बखानसिंह गुरुङको जीवनका विविध पक्षहरूलाई कल्पना र यथार्थको संयोजनद्वारा



पराजुलीले सिङ्गो बखानको सृजना गरेको पाइन्छ । पराजुलीले आफैं बखानसिंह गुरुङसँग साक्षात्कार गर्न पक्कै पाएनन् होला तर उनको जीवनीका बारेमा अध्ययन, अनुसन्धान गरी नाति पात्र खडा गरी हजुरबुबाकै डायरीबाट लेखिएका विषय प्रसङ्गको रूपमा जुन परिदृष्य खडा गरी लमजुङबाट राजनीतिक यात्राको सुरुआतसँगै चितवनको बसाइँसराइ, गुरुङ समुदायको प्रचलनहरू, चितवनको कांग्रेस राजनीति, भारतमा निर्वासित जीवन, पारिवारिक अवस्था, थारू समुदायका रीतिरिवाज, परम्परा, संस्कारहरूलाई सशक्त रूपमा देखाउन सफल भएका छन् ।

जीवन इतिहासले व्यक्तिको व्यक्तिगत ऐतिहासिक पक्षको अध्ययन गर्दछ । एउटा व्यक्तिको जीवनकहानीबाट नै समाजको समग्र इतिहासको प्रतिनिधित्व गर्न वा गराउन सक्नुपर्दछ जुन कुरामा स्रष्टा पराजुली सफल भएका छन् । समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र, मनोविज्ञानको अनुसन्धान पद्धतिमा जीवन इतिहास सशक्त माध्यमका रूपमा रहे पनि पराजुलीले साहित्यको माध्यमबाट उक्त पद्धतिलाई अवलम्बन गरेका छन् । कुनै पनि घटनाको सुरुआत वा सृजना हुनुमा विगतमा भए/गरेका घटना प्रक्रिया, सामाजिक, सांस्कृतिक अवस्था, राजनीतिक र भौगोलिक धरातलको अत्यन्त महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यसैले आजको विद्यमान समाज र संस्कृति जान्नका लागि वा विश्लेषण गर्नका लागि विगतको सामाजिक संरचना, प्रभाव र परिवर्तनलाई बुझ्नु जरुरी छ ।

आजको नयाँ पुस्ताले आफ्नै संस्कृति बिर्सँदै गएको अवस्था रहेको छ । गुरुङ, थारू, नेवारलगायतका जातजातिको रैथाने भाषा, शब्दावली, परम्परा, संस्कारहरूलाई उपन्यासकार पराजुलीले उपन्यासमा जीवन्त रूपमा प्रस्तुत गरेका छन् । थारू समुदायमा फागुपूर्णिमामा गाइने फगुवा गीत, नेवार समुदायको गाईजात्रा र रामायण निकाल्ने परम्परा तथा गुरुङ समुदायको मृत्यु संस्कार, देवघाटको महत्व र सोमेश्वरको आध्यात्मिक पक्षजस्ता विषयहरूको गहिराइमा पुगेर गरिएको प्रस्तुति सोही समुदायका नयाँ पुस्तालाई मात्र होइन समाज र संस्कृतिको ज्ञान लिन चाहने अध्येताहरूका लागि समेत महत्वपूर्ण स्रोतका रूपमा रहन सक्ने अवस्था रहेको छ ।

कुनै समयमा घटेका वास्तविक घटना नै पछि गएर इतिहास बन्दछन् । सरल, प्रभावकारी र जीवन्त भाषामा लेखिएको यस उपन्यासमा बखानसिंह र उहाँको परिवारलाई पात्रको रूपमा लिई जन्मदेखि मृत्युपर्यन्त सम्पूर्ण पक्षको अध्ययन र जानकारी प्रस्तुत गरिएको छ । चितवनको वर्तमान समाजको स्वरुप किन, कसरी, कहिलेबाट, केकस्तो आर्थिक, सामाजिक राजनीतिक, सांस्कृतिक, पृष्ठभूमिबाट विकसित भएको भन्ने विषयलाई बखान उपन्यासले प्रष्ट पारेको छ । कार्यकारण सम्बन्ध र प्रभावलाई सुक्ष्म रूपमा एक पात्रको माध्यमबाट विश्लेषण गरिएको छ । पहाडबाट बसाइँसराइका आयामहरू, निकुञ्ज स्थापनाकालका जटिलताहरू, चितवनको बस्ती विकासका विविध पक्षहरूलाई प्रष्टसँग देखाइएको छ । कसैको विचार, भावना, दृष्टिकोणलाई काल्पनिक पात्र खडा गरी प्रस्तुति गरिए पनि पराजुलीको बखान उपन्यासमा कुन कुरा वास्तविक तथ्य हो र कुन काल्पनिकता हो भनी छुट्याइ हेर्न मुस्किल रहेको छ ।

नेपालमा सहकारी अभियानलाई सुरुआत गराउने व्यक्तिको सीमित परिचय पाएका बखानसिंह गुरुङका राजनीतिक सामाजिक पाटाहरूलाई समेत केलाउने प्रयत्न गरिएको छ । बखान उपन्यासले नयाँ लेखकहरू तथा अध्येताहरूलाई समाजमा गुमनाम हुन पुगेका व्यक्तित्वहरूको खोज, अनुसन्धानमा प्रेरित गरेको छ । जुन घटनालाई अवलोकन गर्न वा प्रत्यक्ष साक्षात्कार गर्न सकिँदैन त्यस्ता घटनाहरूलाई वैयक्तिक अध्ययनबाट उजागर गर्न सकिन्छ । यस खालका पढ्नमा सरल कृतिहरूबाट समाज र राजनीतिको इतिहास खोजतर्फ नयाँ पुस्तालाई आकर्षित गराउने कुरामा कुनै सन्देह हुन सक्दैन ।

राजनीति भनेको राज्य सरकार वा राजनीतिक दलमात्र होइन । एउटा परिवार र समुदाय र त्यसभित्र रहेका परिवार र समुदायको सर्वाङ्गिण विकासका लागि गरिने व्यवहार, शक्तिसम्बन्ध, निर्देशन, आदर्श तथा कार्यप्रणालीहरू सबैलाई राजनीतिक संस्थाको रूपमा मान्नुपर्ने हुन्छ । तत्कालीन चितौने समाजको शक्ति संरचना, राजनीतिक, सामाजिक जीवन र द्वन्द्वलाई आदिवासी थारू समुदायका माध्यमबाट उजागर गर्न खोजिएको छ । एउटै कृतिका माध्यमबाट गुरुङ, नेवार, थारू, बाहुनलगायत समुदायको सामाजिक, सांस्कृतिक पक्षहरूको उजागर गर्नुका साथै राजनीति, वन्यजन्तु र पर्यापर्यटनको महत्व, बसाइँसराइ र त्यसको प्रभाव, तत्कालीन राजा महेन्द्रको राजनीतिक तथा वैयक्तिक पारिवारिक जीवन, चितवनको बस्ती विकास, देवघाट सोमेश्वर नारायणीजस्ता पवित्र तीर्थस्थलहरूको परिचय, चीन र भारतसँगको नेपालको भूराजनीतिक धरातलीय अवस्थाका सम्बन्धका बारेमा खोज विश्लेषण गरिएको छ र त्यसमा सशक्त तरिकाबाट साहित्यिक लेपन लगाइएको छ ।

उपन्यास भन्नासाथ मायाप्रेमका सुखान्त र दुःखान्तका पक्षहरूमा बढी पाठकको ध्यान जानु स्वाभाविक हो । स्रष्टा पराजुलीले यस उपन्यासमा हात्ती, गैडाजस्ता जनावरको सहवास वा यौनक्रिडालाई प्रस्तुत गरी त्यो मिठास दिने प्रयास गरिएको छ । कताकता हात्ती, गैडाको उदाहरण दिई प्राकृतिक रूपमा नै पोथीभन्दा भाले शक्तिशाली हुन्छ भन्ने सन्देश दिन खोजेको आभास पनि उपन्यासमा पाइन्छ । बहुविवाह गरी चितवन र काठमाडौँमा दुई घरबार बसालेका पात्र बखानसिंह गुरुङबाट सो कार्यको बचाउ गर्न खोजिएको छ ।

गुरुङ समुदायको मृत्यु संस्कारबाट विषयवस्तुको उठान गरी थारू समुदायको भताही संस्कारबाट उपन्यासको सांस्कृतिक पाटोलाई बिट मार्न खोजिएको छ । उपन्यासको पछिल्लो भाग पढ्दै जाँदा भने साहित्यिक उपन्यासभन्दा पनि वैयक्तिक जीवनी पढेको आभास बढी हुन्छ । उपन्यासले गुरुङ परिवारको महत्त्वपूर्ण पात्र मनकुमारीको देहान्तसम्म पुगे पनि स्वयं बखानसिंह गुरुङको अन्त कहिले र कसरी भयो तथा सर्वस्वहरणमा परेको सम्पत्तिको पुनः प्राप्ति भयो/भएन, रुग्ण अवस्थामा रहेको सहकारीलाई कसरी पुनर्संरचना गरियो भन्ने कुराको जानकारी अधुरै छाडेको छ । गुरुङले दुईपटकसम्म न्याय तथा कानुनमन्त्रीको जिम्मेवारी लिएको देखिन्छ । उहाँले मन्त्री जीवनमा गरेका कार्य वा चितवनको न्यायिक इतिहासमा तत्कालीन नेतृत्वको कुनै भूमिका रह्यो वा रहेन भन्ने विषयमा समेत मौनता रहेको पाइन्छ । चितवनले नसम्झेको पात्र बखानसिंह गुरुङलाई पुराना पुस्तामाझ स्मरण गराउन र नयाँ पुस्तामाझ परिचित गराउन सफल प्रस्तुत बखान उपन्यासको ‘कभर डिजाइन’ वा कहीँकतै बखानसिंह गुरुङको वास्तविक तस्बिर पनि राखिदिएको भए विषयगत रूपमा अझै जीवन्त हुन सक्थ्यो होला । रासस

## गर्भवतीलाई क्याल्सियम र आइरन चक्की अभाव

गोरखा । पालुङटार नगरपालिकाका गर्भवतीलाई विगत दुई महिनादेखि क्याल्सियम र आइरन चक्कीको अभाव छ । नगरपालिकाले समयमै खरिद नगर्दा पालिकाभरका गर्भवतीले नियमित रूपमा सेवन गर्नुपर्ने क्याल्सियम र आइरन चक्की खान नपाएका स्वास्थ्यचौकीका इन्चार्जहरूले बताएका छन् ।

विगत दुई महिनादेखि गर्भवतीलाई क्याल्सियम र आइरन चक्की दिन नपाएको नगरपालिकाको केन्द्र ठाँटीपोखरी बजारमा अवस्थित वडा नं ५ को स्वास्थ्यचौकीले जनाएको छ । “केही महिनादेखि नै आइरन चक्की र क्याल्सियमको अभाव भइरहेको छ । दुई महिनायता ठप्पै छ”, ठाँटीपोखरी स्वास्थ्यचौकी स्वास्थ्यकर्मी रमा थापामगर भन्नुहुन्छ, ‘क्याल्सियम र आइरन चक्की लिन आउनेलाई बजारका औषधि पसलमा किनेर खान सुझाव दिने गरेका छौं ।”

दशवटा वडा रहेको पालुङटार नगरपालिकाको सबै स्वास्थ्य संस्थामा क्याल्सियम र आइरन चक्की छैन । “विगत डेढ महिनादेखि आइरन चक्की र क्याल्सियम छैन”, वडा नं १० को स्वास्थ्यचौकी प्रमुख अनिशा जोशी भन्नुहुन्छ, “हामीले पनि आफैँ किनेर खानुस् भनेर फर्काउने गरेका छौं । अब औषधि कहिले आउँछ थाहा छैन । सित्तैमा पाइने औषधि पैसा हालेर किन्नुपर्ने भन्दै गर्भवतीहरू गुनासो गर्नुहुन्छ ।

कतिपय महिलाले भने स्वास्थ्यचौकीले नै किनेर उपलब्ध गराउन दबाब दिने गरेको उहाँको भनाइ छ । “कतिपय औषधि पसलमा पनि धेरै आइरन चक्की किन्न नदिने रहेछन् । अनि महिला रिसाएर हामीलाई नै किनेर व्यवस्था गरिदिन भन्नुहुन्छ । रासस

# तोरीपानीका पाँचघरमा सयपत्री ‘होमस्टे’ सञ्चालन

म्याग्दी । बेनी नगरपालिका-९ तोरीपानीमा घरबास (होमस्टे) सञ्चालन भएको छ ।

तोरीपानी घुम्न आउने पर्यटकको सुविधा, स्थानीयको आयआर्जन सुधार, रोजगारीका अवसर सृजना र पर्यटन प्रवर्द्धनका लागि होमस्टे सञ्चालन भएको हो । पहिलो चरणमा पाँचवटा घरमा २१ जना क्षमताको घरबास सञ्चालन भएको समूहकी अध्यक्ष सीता खत्रीले बताउनुभयो ।

“पाहुना राख्नका लागि कोठा र शौचालयलगायत पूर्वाधार तयार भएका छन्”, उहाँले भन्नुभयो, “इको हिमालय संस्थाले बेड, विस्तारा र सरसफाइका लागि आवश्यक पर्ने करिब रु छ लाख मूल्यबराबरका सामग्री सहयोग गरेको छ ।”

जुना खत्री, रश्मी चोखाल, सुजना चोखाल, युव गिरी र जमुना क्षेष्ठको घरबास सुरु भएको हो । संस्था दर्ता भइसकेको छ । दोस्रो चरणमा थप घरमा पनि घरबास सञ्चालनको तयारी भएको छ ।

समुद्री सतहदेखि एक हजार ७५० मिटर उचाइमा अवस्थित तोरीपानीको पृष्ठभूमिमा धवलागिरि र अन्नपूर्ण हिमाल देखिन्छ । मसलेदार फल टिमुरखेतीका लागि तोरीपानी प्रसिद्ध छ । रासस

# सानोदुम्माका ९० प्रतिशत नागरिक विद्युत्को पहुँचमा


भोजपुर । पौवादुङमा गाउँपालिका-५ सानोदुम्माका करिब ९० प्रतिशत नागरिक अहिले केन्द्रीय विद्युत्को पहुँचमा पुगेका छन् । भौगोलिक रूपमा विकट मानिने यस वडामा स्थानीय तहको पहलमा घरघरमा बत्ती बलेको हो ।

वडाध्यक्ष बोमप्रसाद राईका अनुसार विद्युत् विस्तारको शून्य अवस्थाबाट सुरु गरिएको अभियान अहिले अन्तिम चरणमा पुगेको छ । “दुई बस्तीका ११ घरमा मात्र बत्ती पुग्न बाँकी छ । ती घरमा पनि चाँडै जडान गरिने तयारी भइरहेको छ”, उहाँले भन्नुभयो ।

केही दुर्गम बस्तीमा पोल र तारको अभावमा विद्युत् विस्तारमा ढिलाइ भएको वडाध्यक्ष राईको भनाइ छ । बाँकी रहेका घरमा पनि विद्युत् विस्तार गरी वडालाई ‘पूर्ण उज्यालो वडा’ घोषणा गर्ने लक्ष्य राखिएको छ ।



विद्युत् विस्तारसँगै वर्षौंदेखि टुकी र सोलारमा निर्भर रहँदै आएका स्थानीयले सहजता अनुभव गरेका छन् । “अब अँध्यारो हटेको छ”, स्थानीय हर्कराज राईले भन्नुभयो, “गाउँमै टेलिभिजन, इन्टरनेट चलाउन सकेका छौं ।” अब सूचना तथा सञ्चारको पहुँच विस्तारसँगै गाउँलेले देशविदेशको खबर र सूचना सजिलै थाहा पाउने उहाँको भनाइ छ । रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# भारतीय बजारमा आकर्षण

तराई मधेशमा अहिले तिहार र छठको व्यापक तयारी भइरहेको छ। पूजाको तयारी गर्ने क्रममा अहिले बजारमा किनमेल निकै बढेको छ । तर नेपाली बजारको तुलनामा भारतीय बजारप्रतिको आकर्षण बढेको छ। भारतमा सरकारले कतिपय वस्तुहरुबाट जीएसटी हटाएपछि नेपाली बजारको तुलनामा ती वस्तुहरु भारतीय बजारमा सस्तो भएको छ । भन्सार काटेर भारतबाट नेपाल आउने वस्तुमा जीएसटी पहिले नै छुट थियो । तर भारतमा ती वस्तुहरुमा जीएसटी लाग्ने भएकाले नेपाल र भारतमा वस्तुको मुल्यमा ठूलो अन्तर थिएन । तर अहिले भारतमा जीएसटी छुट भएपछि किराना, सुती कपडा लगायतका धेरै वस्तुहरु नेपालको भन्दा धेरै सस्तो भएको छ । मूल्यमा ठूलो फरक भएपछि स्वभाविक रुपमा भारतीय बजारप्रति सीमावर्ती उपभोक्ताहरुको आकर्षण बढेको छ । जीएसटी छुट नभएको बेला पनि नेपाली बजारको तुलनामा भारतीय बजार सस्तो थियो । अहिले जीएसटी छुट भएपछि भारतीय बजारमा वस्तुहरु धेरै सस्तो भएको छ। निजी प्रयोजनका लागि भारतबाट ल्याइने किराना, कपडा लगायतका सामग्रीहरुमा भन्सारले सहज गरिदिएको छ । नेपाल र भारत दुवै देशका भन्सार र सुरक्षाकर्मीले घरायसी प्रयोगका लागि ल्याइने सीमित सामानहरुमा रोक लगाएको छैन। रोक लगाउन उपयुक्तपनि देखिदैन् ।दुई देशबीच रोटीबेटीको सम्बन्ध, शिक्षा, स्वास्थ्यका लागि निरन्तर हुने आउजाउले पनि निजी प्रयोजनको समानहरुमा रोक लगाउदा त्यसको असर नकारात्मक हुन सक्छ। व्यवसायीक प्रयोजनका लागि नेपाल आउने मालसामानहरुमा भन्सार लागु नै रहेको छ । नेपालले भारतसितको व्यापार सन्तुलन मिलाउनु पर्छ । भन्सार मात्र बढाउँदा चोरी पैठारी बढने गरेको यथार्थलाई सरकारले बुझ्नु पर्छ। दुई देशको सीमावर्ती बजारको मूल्यमा धेरै असन्तुलन भए उपभोक्ताहरु सोझै सीमापारीबाट मालसामानहरु ल्याउने गर्छन् । भारतीय बजारप्रतिको आकर्षण कम गर्न नेपाली बजारको मूल्यमा ध्यान दिन आवश्यक छ। खुल्ला सीमा र सुरक्षाकर्मीहरुको मिलेमतोमा भारतमा तस्करी निरन्तर भइरहेको छ। भारतबाट मात्र नभइ नेपालबाट समेत भारतमा अनेक सामानहरु तस्करी हुने गर्छ । तस्करीलाई नियन्त्रण गर्न पनि मूल्यमा रहेको फराकिलो अन्तरलाई कम गर्नुपर्छ । त्यसको लागि सरकारले भन्सारमा छुट दिनु पर्छ। भन्सार र अन्तशुल्कमा सरकारले छुट दिए भारतीय बजार र नेपाली बजारबीच मूल्यमा सन्तुलन हुन सक्छ। दुवै तर्फको बजारमा मूल्य सन्तुलन नभए नेपाली बजार सुक्ने निश्चित छ। नेपाली बजारमा टिक्न व्यवसायीहरुले तस्करीको सहारा लिन बाध्य हुनेछन् । यसतर्फ सरकारको ध्यानाकर्षण हुनु पर्छ । सीमा क्षेत्रको नेपाली बजारलाई बचाउन सरकारले विशेष सुविधा दिनु पर्छ। तिहार र छठको लागि हुने ठूलो किनमेल नेपालको भन्दा भारतीय बजारमा भइरहेको छ। सरकारले ध्यान दिनुपर्छ।

# मुटु र दाँतको दुश्मन चिनी



डा अरुणा उप्रेती


चिनी खान जति गुलियो छ, उति नै स्वास्थ्यका लागि पनि हानिकारक छ । चिनी हाम्रो भान्छादेखि पूजाआजामा पनि प्रयोग हुने गर्दछ । भनिन्छ, चिनी धेरै खायो भने तीतो हुन्छ । स्वादमा मात्र होइन, यसले हाम्रो स्वास्थ्यमा पार्ने असरका दृष्टिले पनि उपयुक्त छैन । चिनीको प्रयोग धेरै वर्षअघिदेखि हुँदै आएको छ । करिब २५सय वर्षअघि उखुबाट चिनी बनाउने प्रक्रिया भारतमा सुरु भयो र विस्तारै चीन, पश्चिम अफ्रिका, ब्राजिल हुँदै विश्वभर फैलियो । प्रारम्भमा चिनी उत्पादन गर्नु खर्चिलो हुने भएकाले धेरै महँगो पर्थ्यो र धनी मानिसहरूले मात्र चिनी प्रयोग गर्न सक्थे । राजा-महाराजालाई अन्य सुन र चाँदीका गहनाजस्तै गरेर चिनीलाई उपहारस्वरुप दिइने चलन थियो । जब संसारका विभिन्न ठाउँमा चिनीको उत्पादन हुन थाल्यो, तब आम मानिसले पनि यसको प्रयोग गर्न थाले ।

सन् १८८५ बाट चिनीको प्रयोग कोकाकोलामार्फत सुरु भयो । त्योबेला कोकलाई 'ब्रेन टनिक' अर्थात् मस्तिष्क तीक्ष्ण पार्ने वस्तु भनेर गलत प्रचार गरिएको थियो । चिनी बनाउने कम्पनीले मानव शरीरमा चाहिने ऊर्जा ग्लुकोजले दिन्छ र चिनी खाएपछि शरीरमा ग्लुकोज पुग्छ । शरीरमा स्फूर्ति आउँछ । अर्थात् जति खायो उति राम्रो भनेर प्रचारप्रसार गरे । तर जिब्रोको स्वादका लागि सेवन गरेको चिनी हानिकारक छ, यसले क्षणिक उत्तेजना दिए पनि दीर्घकालीन रुपमा भने मानव स्वास्थ्यमा असर पुऱ्याउँछ ।

सन् १९२८ मा 'चिनी स्वस्थकर' भनेर विज्ञापन नै सुरु भयो । गर्मीको समय सर्बतमा जाडोमा पेयपदार्थमा चिनी हालेर खाँदा रोग-प्रतिरोधात्मक शक्ति बढ्छ भनेर भ्रामक प्रचार गरियो । यस्तो विज्ञापनबाट प्रेरित भएर अमेरिकामा चिनीको प्रयोग बढ्न थाल्यो । विस्तारै त्यहाँ मोटोपन पनि बढ्न थाल्यो । चिनी कम्पनीहरुले अनुसन्धानकर्ता र स्वास्थ्यकर्मीलाई पैसाले गोजी भरिदिई 'चिनी स्वस्थकर छ' भनेर अनुसन्धानको निचोड निकाल्न लगाए र धेरै प्रचारप्रसार गरे । तर जनस्वास्थ्य विज्ञहरुले चिनीको खराबीको बारेमा बोल्न थाले । जब २०औं शताब्दीमा अमेरिकामा मधुमेह, फ्याटी लिभर, कब्जियत, अल्सर, ग्यास्ट्राइटिस र मोटोपन बढ्न थाल्यो र अस्पतालमा अनेक समस्या लिएर मानिसहरु आउन थाले, तब मात्र जनस्वास्थ्य विज्ञले भनेको कुरामा विश्व समुदायले विश्वास गर्न थाले ।

चिनीले मानिसको मोटोपन बढाउने, मधुमेह गराउने र मुटुरोग लाग्ने भएकाले यसको प्रयोग कम गर्न विश्व स्वास्थ्य सङ्गठनले बोल्न आवश्यक छ' भनेर केही जनस्वास्थ्य विज्ञहरूले सन् २००२ मा सुझाव दिएका थिए । त्यसपछि सो सङ्गठनले 'हामीले खानाबाट प्रत्येक दिन प्राप्त गर्ने क्यालोरी (शक्ति) मध्ये १० प्रतिशतभन्दा बढी चिनीबाट लिनु हुँदैन' भन्यो । अर्थात् हामीले लिने शक्तिको स्रोतमध्ये चिनी १० प्रतिशतभन्दा कम नै हुनुपर्छ र ९० प्रतिशत अन्य खानाको स्रोतबाट प्राप्त गर्नुपर्छ ।

यो कुरा प्रकाशमा आएपछि विशेषगरी अमेरिकाका चिनी उत्पादन गर्ने ठूला कम्पनीहरूले 'विश्व स्वास्थ्य सङ्गठनले जनतामा भ्रम फैलायो' भनेर आक्रोश पोखे । उनीहरूले विश्व स्वास्थ्य सङ्गठनलाई दिने सहयोग कटौती गर्ने निर्णय पनि गरे । साथै ती कम्पनीले अमेरिकाको सिनेटमा प्रभाव पारेर 'चिनीले खराबी गर्ने कुरा प्रचार गरेमा विश्व स्वास्थ्य सङ्गठनलाई अमेरिकाबाट दिँदै आएको आर्थिक सहयोग रोकिदिने धम्की पनि दिन लगाए । चिनी उत्पादक कम्पनीहरूले भनेका थिए, 'हामीले खानाबाट प्राप्त गर्ने दैनिक क्यालोरीमध्ये २५ प्रतिशतसम्म चिनीबाट प्राप्त गर्दा पनि हुन्छ ।' तर जनस्वास्थ्य विज्ञहरूले यो कुरालाई अस्वीकार गरे र धेरै चिनीको उपभोगबाट जनस्वास्थ्यमा हुने हानिका बारेमा आम जनतालाई निरन्तर जागरुक गर्न प्रयत्न गरे ।



चिनीले मानिसको स्वास्थ्यमा कसरी खराबी गर्छ भन्ने विषयमा सन् १९७२ मा नै डा जोन युड्किनले 'विषालु सेतो चिनी' नामक अनुसन्धानात्मक पुस्तक प्रकाशित गरेका थिए । तर उनको यो अनुसन्धान र अनुभवलाई अमेरिकाका चिनी र चिनीजन्य गुलियो पदार्थ उत्पादन गर्ने कम्पनीले हावामा उडाउने कार्य गरेका थिए । साथै अपवाह फैलाउने कार्य हो भनेर विरोध पनि जनाएका थिए । तर हाम्रो भान्सामा दिनहुँ प्रयोग हुने यस्तो सेतो चिनी एक प्रकारको मन्द विष नै हो । कतिपय मानिसहरु 'सेतो चिनी' राम्रो होइन तर 'खैरो चिनी' चाहिँ स्वस्थकर हो भन्ने ठान्दछन् । वास्तवमा यो कुरा बिल्कुलै सही होइन । प्रारम्भमा चिनीका बारेमा लेख्ने अनुसन्धानकर्ताले मुसामा चिनीको विभिन्न तरिकाले प्रयोग गरेर अध्ययन गरेका थिए । सो शोध अध्ययनअनुसार चिनी प्रयोग गरिएका मुसाहरुमा मुटुरोग, बिर्सने रोग र बाथको रोग बढेको पाइयो । चिनीले मानिसमा पनि विभिन्न किसिमका रोग उत्पन्न गर्ने कुरा अनुभव र अनुसन्धानले सिद्ध गरिसकेको छ ।

परम्परागत भोजनशैलीमा परिवर्तन भएकाले चिनीको उपभोग धेरै भएको पाइन्छ । हामी बिहान उठेदेखि बेलुकासम्म अनेक तरिकाले चिनी उपभोग गर्छौं । उदाहरणको लागि चिया, दूध, केक, कुल्फी, विस्कुट, पाउरोटी आदिमा चिनी प्रशस्त प्रयोग भएको पाइछ । चाडबाड र देवीदेवताका प्रसादको रुपमा त झन् चिनीको मात्रा धेरै प्रयोग हुन्छ । केटाकेटीको बिहान र दिउँसोको खाजामा पनि धेरै चिनीको प्रयोग हुने भएकाले नेपाली केटाकेटीमा दाँतसम्बन्धी समस्या उच्च छ । उच्च रक्तचाप, मोटोपन, मधुमेहजस्ता समस्याहरुको एउटा प्रमुख कारकको रुपमा चिनी रहेको प्रमाणित भएको धेरै भइसकेको छ तर पनि हामी यसतर्फ त्यति सचेत भइरहेका छैनौं ।

विश्व स्वास्थ्य सङ्गठनले सन् २०१४ मा ' वयष्कलाई दैनिक पाँच चम्चाभन्दा बढी र बालबालिकालाई तीन चम्चाभन्दा बढी चिनी खान नदिनु भने पनि अहिले हाम्रो भोजनमा त्योभन्दा निकै बढी मात्रामा चिनी प्रयोग भएको पाइन्छ । सस, बिस्कुट, चाउचाउ आदि गुलियो जस्तो नलाग्ने खानामा पनि चिनी मिसाइएको हुन्छ । त्यस्तै गरी बट्टाबन्द र प्याकेटबन्द गरेको मासु, सुप, स्वस्थकर नास्ता भनिएका बट्टाका बजारे भोजन (जस्तो-मुसेली, कर्नफ्लोर) मा पनि चिनी मिसिएको हुन्छ । तर प्रायः यो कुरा हामी वास्ता नै गर्दैनौं, चिनी भएको थाहा नै नपाई हामी त्यसको उपभोग गरिरहेका हुन्छौं । त्यसैगरी, हर्लिक्स, बोर्नभिटा, भिभा आदि पेयपदार्थ, लस्सी, कोक, फन्टा, पेप्सी, डिउ, मेरिन्डा, फ्रुटी, एपी, सर्बत, लस्सी आदि चिसा पेयपदार्थहरुमा अधिकमात्रामा चिनी मिश्रण हुन्छ ।

चिनी भएको वस्तु खाएपछि यसले दाँतको इनामेल गालेर दाँतमा प्वाल पार्छ । बच्चाको आहारा जस्तो-बोतलबन्द दूध तथा पेय पदार्थहरुमा मिसाइएको गुलियो पदार्थले उनीहरुको कलिलो दाँतमा गम्भीर असर गरेको हुन्छ । तर बच्चाका अभिभावक यस्ता खानामा भएको चिनीले बच्चालाई नोक्सानी गर्छ भन्ने बारेमा अनभिज्ञ छन् । नेपालको सन्दर्भमा कुरा गर्दा मिठाईहरु, गुँदपाक, पुष्टकारी, केक, आइसक्रिम, सेल, मालपुवा आदिमा पनि ठूलो मात्रामा चिनी मिसाइएको हुन्छ र त्यसलाई हामीले अन्धाधुन्ध रुपमा प्रयोग गरिरहेका छौं ।

एक लिटर हलुका पेयमा औसत १४ चम्चा चिनी राखिएको हुन्छ । यसबारेमा हामीले कहिल्यै विचार गरेका हुँदैनौं । तर खाँदा त्यति गुलियो नलाग`पनि यसमा भएको अत्यधिक चिनीले हाम्रो स्वास्थमा प्रतिकूल असर पारिरहेको हुन्छ । अङ्ग्रेजीमा सुगर भनिने चिनीका माल्टोज, फुल्टोज, ल्याक्टोज आदि अनेक रुपाकारहरु छन् ।

कतिपय फलफूलको बट्टामा 'सुगर फ्रि' भनेर लेखिएको हुन्छ । तर माल्टोज, फुल्टोज, सुक्रोज आदि स्वरुपमा चिनी रहेको हुन्छ र हामी नजानेर यसको उपभोग गरिरहेका हुन्छौं ।

मकैबाट पनि चिनी बनाइन्छ। विशेषगरी चकलेट, कुकिज बिस्कुट बनाउँदा यसको प्रयोग गरिन्छ। यस्तो प्रकारको गुलियो पदार्थ र पेयले कोलेस्टेरोल (खराब बोसो) को मात्रा बढाउँछ।

खराब बोसो बढेपछि यो मुटुका धमनीका भित्ताहरुमा लेउजस्तै टाँसिन पुग्दछ । यसकारण धमनीहरु साँघुरिने वा कडा हुने जटिलता उत्पन्न हुन थाल्छ ।

यसो हुनेबित्तिकै मुटुका मांसपेशीहरुमा धमनीबाट रगत, अक्सिजन र पोषक तत्व आवश्यकमात्रामा पुग्न सक्दैन। अनि मुटुका मांसपेशीहरु मर्दछन् र हृदयाघात निम्तिन्छ।

त्यसैगरी शरीरलाई आवश्यक नपरेको चिनी चिल्लो पदार्थ या बोसोमा परिणत हुन्छ। यसैकारण मुटु तथा रक्तनलीमा अवरोध पुग्छ । वरिष्ठ मुटुरोग विशेषज्ञ डा अवनिभुषण उपाध्यायका अनुसार गुलियो ज्यादै खाँदा डायविटिजको जोखिम बढ्छ । चिनी, सख्खर हालेका वस्तुबाहेक सुगर फ्रि कोक, जुस, मह आदि जुनसुकै रुपमा खाए पनि चिनी चिनी (सुगर वा गुलियो वस्तु) नै हो। जसरी खाँदा पनि यदि चिनीको मात्रा बढी छ भने त्यसले असर गर्छ । 'सुगर फ्री' भनिएको वस्तु वास्तवमा 'सुगर फ्री' हुँदैन । स्याक्रिन हालिएको चिया या अन्य पेयपदार्थ स्वास्थ्यका लागि झनै भयानक हुन्छन् । यसले मुटुलाई बिगार्छ।
(लेखक जनस्वास्थ्य तथा पोषणविद् हुनुहुन्छ)

# अवसर गुम्ने देश, नतिजा भोग्ने जनता



पुरुषोत्तम काडेल

२०७२ सालमा नेपालको संविधान जारी भएपछि यसको कार्यान्वयन र संशोधन दुवै राजनीतिक बहसका स्थायी विषय बने । एक दशक बितिसक्दा पनि संविधान संशोधनको कार्यसूची बारम्बार उठेर पनि किन कहिल्यै निष्कर्षमा पुगेनन्। र, दुई तिहाइको बलियो सरकार हुँदा पनि निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले किन त्यो अवसर गुमाए भन्ने प्रश्नका जवाफहरू गहिरा छन्- राजनीतिक असहमति, दलगत स्वार्थ र दृष्टिकोणको अभाव ।

### सतही दृष्टिकोण, सतही कदम

कांग्रेस र एमालेलाई सत्तारोहण गर्नका लागि एउटा अचुक रणनीति बन्यो- संविधान संशोधनको विषय। आम जनतालाई देखाउन योभन्दा असली कारण अरू थिएन । एक हिसाबले मुलुकले पत्याएको पनि थियो; जुन पछि गएर फगत् एउटा रणनीति मात्र रहेछ भन्ने खुल्न आयो। वस्तुतः संविधान संशोधनको विषय एउटा सतही दृष्टिकोण र सतही कदम मात्र थियो ।

संविधान संशोधनका लागि दुई तिहाइ बहुमतको आवश्यकता पर्छ । तर, त्यति मात्र होइन- साझा दृष्टिकोण र राष्ट्रीय सहमति पनि चाहिन्छ। तर, नेपालका प्रमुख दलहरू बीच कहिल्यै एउटै मत बनेन। सतहमा हेर्दा, कांग्रेस, एमालेजस्ता दलले राष्ट्रीय अखण्डता र स्थायित्वलाई प्राथमिकता दिए । मधेशी दलहरूले मधेशका बासिन्दाको प्रतिनिधित्व, नागरिकता र प्रदेश सीमांकनजस्ता विषयहरूमा सुधार मागे । किरात र जनजाति दलहरूले पहिचानमा आधारित संघीयतामा जोड दिए । यी दृष्टिकोणहरू एकअर्कासँग ठोक्किए । परिणामतः संशोधन बहस सधैं अधुरो रह्यो। भित्री रूपमा भने 'सत्ताको खेल' एक मात्र सत्यका रूपमा रह्यो। फलतः संविधान संशोधनको विषय सत्ता गणितको दाउपेचभन्दा पृथक रहन सकेन ।

### सत्ताको गणित र संविधानको पुनः उपेक्षा

संविधान संशोधन दीर्घकालीन र संरचनात्मक सुधारको प्रक्रिया हो। तर, नेपालका अधिकांश सरकारहरू छोटो अवधिको सत्ता स्थायित्व, गठबन्धनको सन्तुलन र चुनावी फाइदामा केन्द्रित रहे। संविधान संशोधन 'राष्ट्रीय एजेन्डा' होइन, 'दलगत कार्ड' बन्न पुग्यो। त्यसैले, जुनसुकै दल सत्तामा आयो; उसले आफ्नो एजेन्डा अघि सार्‍यो तर राष्ट्रीय सहमति निर्माणको प्रयास गरेनन् । यसै कारण, संविधान संशोधन 'संविधान सुधार'भन्दा 'राजनीतिक जोखिम'को रूपमा हेरियो ।

### बाह्य प्रभाव र आन्तरिक सन्देह

संविधान निर्माणको क्रममा भारतले दिएको दबाब र त्यसपछिको नाकाबन्दीले नेपाली राजनीतिमा गहिरो अविश्वास छोडेको थियो । त्यसपछि एमालेलगायतका राष्ट्रवादी शक्तिहरूले संशोधनलाई 'भारतपक्षीय एजेन्डा' भनेर व्याख्या गरे। यो राजनीतिक दृष्टिकोणले संविधान संशोधनको बहसलाई नै राष्ट्रवाद-विरोधी देखाउने वातावरण सिर्जना गर्‍यो ।

### ओली सरकार र गुमेको अवसर

२०७४ पछि बनेको ओली नेतृत्वको बाम गठबन्धन सरकारसँग संविधान संशोधनका लागि आवश्यक दुई तिहाइ बहुमत थियो । तर, ओली सरकारले त्यो बहुमत संविधान सुधारमा होइन, सत्ता सुदृढीकरणमा खर्चियो । एमाले-माओवादी एकीकरणपछि बनेको नेकपामा नेतृत्व विवाद र आन्तरिक अविश्वासले संवैधानिक सुधार गौण बनाएको थियो। मधेशी, थारू वा अन्य असन्तुष्ट समुदायसँग गहिरो राजनीतिक संवाद भएन । संविधान संशोधनका कुरा प्रचारमा ल्याइए पनि त्यसलाई सरकारको प्राथमिकतामा कहिल्यै राखिएन ।

ओली सरकारका लागि राष्ट्रीयता प्रमुख राजनीतिक पुँजी थियो । संविधान संशोधनलाई 'विदेशी दबाब'को एजेन्डा भनेर टार्न सजिलो बन्यो। यसरी, राजनीतिक 'सुरक्षित खेल' खेलिँदै सुधारको ढोका आफैं बन्द गरियो। कोभिड-१९ को संकट, संसद् विघटन र पार्टी विभाजनपछि संविधान संशोधनजस्तो गम्भीर विषय सरकारको एजेन्डाबाट पूर्ण रूपमा हरायो ।

### अवसर गुम्ने देश, नतिजा भोग्ने जनता

नेपालको संविधानलाई संशोधन गर्न सकिने ऐतिहासिक अवसर ओली सरकारले गुमायो । राजनीतिक इच्छाशक्ति, सहमति र दीर्घदृष्टिको अभावले संविधान संशोधनको एजेन्डा बारम्बार असफल भयो । परिणामस्वरूप संविधान त छ, तर सबैको मन परेको छैन । राजनीतिक स्थायित्व त आएको छ, तर संरचनागत असन्तुलन अझै बाँकी छ। संविधान संशोधन अब पनि सम्भव छ तर त्यसका लागि दलहरूले सत्ता होइन, संविधानलाई राष्ट्रको साझा प्रतिबद्धताका रूपमा हेर्न सिक्नुपर्छ ।

संविधान संशोधनको विषयलाई सके टुंगोमा पुऱ्याउने नसकेदेखि बहसमा निरन्तर राख्न सकेको भए जेन-जीको विद्रोह थामिन सक्थ्यो । यो हदसम्मको मानवीय र भौतिक क्षति टर्न सक्थ्यो । हाइकिङ गएका युवाले बाटो बिराएको र क्रमशः रात पर्दै गएको अवस्थामा पुगेको छ आजको मुलुकको अवस्था । विगतदेखि थाति रहँदै आएको संविधान संशोधनको यो एजेन्डालाई पुनःस्थापित गराउन आवश्यक देखिन्छ । आपसी मतभेद, दलीय स्वार्थ र सत्ताको खेल यथावतै राख्दा मुलुकले हार्दै जाने हुन्छ । र, फलतः त्यसको मार आम जनताले खेप्नुपर्ने हुन्छ। जेन-जीलगायत सबै पक्षको ध्यान जाओस् ।



# नेपाली नोटमा नेपाल संवत् उल्लेख गर्न सकिन्छः प्रधानमन्त्री कार्की




भक्तपुर । प्रधानमन्त्री सुशीला कार्कीले नेपाल राष्ट्र बैंकबाट निष्काशन गरिने नेपाली नोटमा नेपाल संवत् उल्लेख गर्न सकिने बताउनुभएको छ ।

राष्ट्रिय विभूति शङ्खधर साख्वाः प्रतिष्ठान, मध्यपुरथिमि, भक्तपुरको प्रतिनिधिमण्डलले नेपाल संवत् ११४६ अवसरमा मध्यपुरथिमिस्थित राष्ट्रिय विभूति शङ्खधर साख्वाःको प्रतिमामा माल्यार्पणका लागि प्रमुख अतिथिका लागि आमन्त्रण गर्ने क्रममा उहाँले यस्तो बताउनुभएको हो ।

प्रधानमन्त्री कार्कीले अर्थमन्त्रीमार्फत नेपाल राष्ट्र बैंकको गभर्नरसँग छलफल गरी सरकारले नेपाली नोटमा नेपाल संवत् प्रयोग गर्नेबारे छलफल गर्ने बताउनुभयो ।

प्रतिष्ठानका अध्यक्ष ज्ञानराम श्रेष्ठको नेतृत्वमा गएको टोलीसँगको भेटमा उहाँले रु पाँच सयको नोट छपाइका लागि विधिवत् रूपमा गइसकेको हुनाले अब निष्काशन हुन बाँकी नोटमा नेपाल संवत् प्रयोग गर्न सकिनेबारेमा छलफल गरी निर्णय लिने बताउनुभएको प्रतिष्ठानका अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो ।

नेपाल संवत् नेपालको मौलिक संवत् भएको उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले नेपाल संवत् र राष्ट्रिय विभूतिबारे विशेष चासो दिनुभएको थियो । उहाँले नेपाल संवत्को नयाँ वर्षको दिन शङ्खधर साख्वाःको सालिकमा माल्यार्पण कार्यक्रममा सहभागी हुने बताउनुभएको उहाँले जानकारी दिनुभयो । रासस

# काउन्सिलले अधिकार सम्पन्न र स्वायत्त निकायका रुपमा अनुभूति दिलाउने गरी काम गरोस्: मन्त्री खरेल

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले अधिकार सम्पन्न र स्वायत्त निकायका रुपमा आम जनतालाई अनुभूति दिलाउने गरी काम गर्न प्रेस काउन्सिल नेपालका पदाधिकारीलाई सुझाव दिनुभएको छ ।




प्रेस काउन्सिल नेपालद्वारा आइतबार मन्त्री खरेलको सम्मानमा आयोजित स्वागत कार्यक्रममा उहाँले आमनिर्वाचन आउँदै गरेको तथा राजनीतिक दलका गतिविधि बढिरहेका बेला काउन्सिललाई परिणाममुखी काम गर्न आग्रह गर्नुभयो ।

उहाँले नागरि कस्तरबाट सञ्चालन भएका व्यक्तिगत सामाजिक सञ्जाल राज्यका निकायले अनुगमन र नियमन गरी कारबाहीको दायरामा ल्याउने विषयमा काउन्सिल गम्भीर बन्नुपर्छ भन्नुभयो । मन्त्री खरेलले मुलुकमा दर्ता भई प्रेस काउन्सिलमा सूचीकृत हुने सञ्चार माध्यमको जिम्मा राज्यले लिनुपर्ने आवश्यकता औंल्याउनुभयो । प्रेस काउन्सिल आम सञ्चार माध्यमको न्यायालय हो भन्ने मान्यता स्थापित हुनुपर्नेमा मन्त्री खरेलले जोड दिनुभयो । उहाँले भन्नुभयो, "पछिल्लो समय विज्ञान र प्रविधिको विकाससँगै कानुनलाई परिवर्तित अवस्था अनुरुप अघि बढाउन नसक्दा अनेक चुनौती खडा भएको छ। सामाजिक सञ्जालमा जे-जस्ता मिथ्या, गलत, घृणाजन्य सूचनामार्फत एक अर्कालाई गाली-गलौज, बादप्रतिवाद र आक्रमण गर्ने कार्यले सम्पूर्ण राज्यको समयन्त्र चिन्तित हुनुपर्ने अवस्था छ।"

मन्त्री खरेलले नेपालमा दर्ता भएका सामाजिक सञ्जालको नियमन गर्ने सन्दर्भमा सचेतनामूलक सन्देश दिने सामग्री प्रसारण गर्न काउन्सिललाई सुझाव दिनुभयो । उहाँले काउन्सिललाई कस्तो खाले जनशक्ति र उपकरण आवश्यक परेको छ र कसरी काम गर्दा सामाजिक सञ्जाललाई नियमन गर्न सहज हुन्छ त्यसको यकिन गरी तत्काल कार्यदल बनाएर काम गर्न पनि सुझाव दिनुभयो ।

मुलुक आम निर्वाचनको तयारी गरिरहेको अवस्थामा आचारसंहिताको कार्यान्वयनका लागि प्रभावकारी अनुगमन गर्नुपर्नेमा जोड दिँदै मन्त्री खरेलले भन्नुभयो, "प्रेस काउन्सिल स्वायत्त निकाय हो, यसलाई मन्त्रालयले हस्तक्षेप गर्दैन । नीतिगत निर्णय र सहयोग गर्न मन्त्रालय तत्पर छ ।"

उहाँले आम जनता, सरकार र सबै सरोकारबाला निकायको अपेक्षाअनुरुप काउन्सिलले सक्रिय र स्वतन्त्ररुपले काम गरिरहेको छ भन्ने सन्देश प्रवाह गर्न सक्नुपर्ने धारणा राख्नुभयो ।

त्यस अवसरमा मन्त्रालयका सचिव राधिका अर्यालले काउन्सिललाई आवश्यक पर्ने सबै खाले सहयोग उपलब्ध हुने विश्वास दिलाउनुभयो । काउन्सिलका सदस्य एवम् कार्यक्रमका अध्यक्षता गर्नुभएका सदस्य बालकृष्ण अधिकारीले काउन्सिलमा प्राविधिक आवश्यक जनशक्ति र बजेटको अभावकाबीच कार्यसम्पादन गर्दै आएको बताउनुभयो ।

यसअघि काउन्सिलका मुख्य प्रशासकिय अधिकृत झबिन्द्र भुषालले काउन्सिको समग्र वस्तुस्थिति र कामकारबाहीकाबारे जानकारी गराउनुभएको थियो । रासस

# रातका समयमा हाम्रो बस्तीलाई सुरक्षा चाहियो : राउटे समुदायका युवा

भेरीगङ्गा । राउटे समुदायमा त्रास सृजना गर्ने एक युवालाई राउटे समुदायका युवाहरूले यही असोज २४ राति नियन्त्रणमा राखे । सुर्खेतको लेकबेँसी नगरपालिकाका ती युवकले मदिरा सेवन गरी रातिका समयमा राउटेबस्तीमा छिरेका थिए । शनिबार बिहान ती समुदायका युवाहरूले नजिकैको प्रहरीलाई खबर गरी ती युवालाई प्रहरीको जिम्मा लगाएका थिए । त्रास सिर्जना गर्ने युवाकलाई आवश्यक अनुसन्धान अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता मोहनजङ्ग बुढ्थापाले जानकारी दिनुभयो ।



पछिल्लो समय बाह्य व्यक्तिहरूको अनाधिकृत प्रवेशले राउटे समुदायले असुरक्षित महसुस गर्न थालेका जनाइएको छ । आफ्नै जीवन्त रीतिरिवाज र वेशभूषामा जङ्गलमा बस्दै आएका उनीहरुका बस्तीमा जथाभावी बाह्य व्यक्तिहरूको प्रवेशले असुरक्षित बन्न थालेका हुन् । विभिन्न बहानामा राउटे बस्तीमा जाने र त्यहाँ विभिन्न अवाञ्छित क्रियाकलाप गर्ने प्रवृत्ति बढेको उनीहरुको भनाइ छ ।

कर्णालीका विभिन्न ठाउँमा फिरन्ते रूपमा जीवन बिताउँदै आएका राउटे समुदाय माथि केही वर्ष अगाडि पनि अवाञ्छित काम गर्ने केही व्यक्तिलाई प्रहरीले कारबाही गरेको थियो । राउटे समुदायका युवा दीपक शाही भन्नुहुन्छ, "बाहिरबाट बिनाकाममा बस्तीभित्र आउने गर्दा आफूहरूलाई असहजता बनाएको छ। रातिमा बस्तीभित्र बाहिरका मानिस आउन थालेपछि झनै असुरक्षित हुन थालेको छ, हामीलाई सुरक्षा चाहियो। हिजोमात्र हाम्रो बस्तीमा रक्सी खाएर एक जना मान्छे आएर हल्ला गर्‍यो । अरु बेलामा पनि जथाभावी मानिसहरू आउँदा हामी त्रासमा छौँ ।" उहाँले दिउँसोको समयमा राउटे बस्तीमा आए पनि रातको समयमा मादक पदार्थ सेवन गरेर नआउन आग्रह गर्नुभयो ।

यस्तै, राउटे समुदायको रेखदेखका लागि काम गर्दै आउनुभएका सोसेकका दुर्गा खत्रीले पनि पछिल्लो समय राउटे समुदायमा सुरक्षा चुनौती थपिएको जनाउँदै बस्तीको लागि प्रहरी खटाउन आवश्यक रहेका औँल्याउनुभयो । राउटे बस्तीमा प्रहरी चाहिएको अवस्था छ । उहाँले भन्नुभयो, "यहाँ बाहिरको मानिसहरू धेरै आउने, भिडियो बनाउनेसँगै रातिको समयमा गलत मानिसहरूको प्रवेश बढ्दै जाँदा राउटेको सुरक्षा जोखिम बढ्दो छ।"

उहाँले राउटेहरूलाई भत्ताको सट्टा राशन दिनुपर्ने जनाउँदै भत्ताका रूपमा रकम दिँदा उनीहरू मदिराको लतमा फस्दै गएकाले उनीहरूको स्वास्थ्यमा प्रतिकूल असर परिरहेको बताउनुभयो । यसले पनि राउटेहरूको सुरक्षामा चुनौती थपिएको बताउनुभयो ।

**राउटे समुदायमा भाइरल ज्वरोको सङ्क्रमण**

केही दिनदेखि राउटे समुदायमा भाइरल ज्वरोको सङ्क्रमण बढ्दै गएको पाइएको छ । सुरुमा दुई जनामात्रै बिरामी परेकामा पछिल्लो एक हप्ता २५ जना बिरामी परेका छन् । उनीहरूले डेङ्गुलगायतका अन्य चेकजाँच गर्न नदिने गरेको भन्दै प्राथमिक उपचारमात्र गर्ने गरिएको राउटे समुदायको उपचारका लागि खटिनुभएका स्वास्थ्यकर्मी अनुजा पन्त बताउनुहुन्छ ।

"अहिले राउटे बस्तीमा ज्वरोको सङ्क्रमण बढ्दो छ, पछिल्लो एक हप्तादेखि २५ जनाभन्दा बढी बिरामी पर्नुभएको छ, उहाँहरूले डेङ्गु चेकजाँच गर्न दिनुहुन्न । हामीले प्राथमिक उपचारमात्र गरेका छौँ । अन्य समस्या चेकजाँच गर्नका लागि उहाँहरू 'कन्भिन्स' हुनुहुन्न ।"

**सङ्ख्या लगातार घट्दै**

राउटे समुदायको सङ्ख्या लगातार घटिरहेको छ । राष्ट्रिय मानवअधिकार आयोगले गरेको अध्ययन २०८१ को प्रतिवेदनले पनि राउटे समुदायको सङ्ख्या लगातार घट्दो क्रममा रहेको देखाउँछ ।

प्रतिवेदनमा २०७५ सालमा एक सय ४९ रहेको राउटेको जनसङ्ख्या १५ माघ २०८१ सम्म आइपुग्दा घटेर एक सय ३५ मा झरेको छ । विसं २०७५ मा एक सय ४९ रहेको राउटेको सङ्ख्या एक जनाले घटेर २०७६ मा एक सय ४८ भयो । २०७७ मा फेरि तीन जनाको मृत्युपछि एक सय ४५ मा झरेको यो समुदायको सङ्ख्या २०७८ मा आउँदा एक सय ४४ मा झर्‍यो । अहिले यो समुदायको सङ्ख्या एक सय ३५ मा सीमित हुनपुगेको छ । यो समुदायको सङ्ख्या घट्नुका विभिन्न कारण रहेको विज्ञहरू बताउँछन् । उनीहरूका अनुसार यो समुदायको जनसङ्ख्या घट्नुको पछाडि सामाजिक मूल्य, मान्यता प्रमुख कारण छ ।

राउटे समुदायको उत्थानका लागि काम गर्दै आएको गैरसरकारी संस्था सोसेक नेपालका कार्यकारी प्रमुख हीरासिंह थापा भन्नुहुन्छ, "राउटे समुदायमा कल्याल, रास्कोटी र सोवंशी गरी तीनवटा समुदाय छ, एउटै समुदायका केटा र केटीको विवाह नहुने सामाजिक परम्परा भएका कारण धेरै युवायुवतीहरू विवाह नगरेर बसेको अवस्था छ । अर्को परम्परा भनेको श्रीमान्को मृत्युपछि जतिसुकै उमेर समूहका महिला भए पनि एकल भएर बस्नुपर्ने बाध्यता छ ।" उहाँले थप्नुभयो, "अहिले एकल महिला २३ जना छन्, तीमध्ये अधिकांश २० देखि ३० वर्ष उमेर समूहका छन् । उनीहरूले अर्को विवाह गर्न पाउँदैनन्, प्रजनन उमेरका महिलाहरू बच्चा जन्माउनै नपाएपछि कसरी सङ्ख्या बढ्छ ।"

प्रमुख थापाले राउटे समुदायमा युवाहरूको सङ्ख्याभन्दा ज्येष्ठ नागरिक र बालबालिकाको सङ्ख्या धेरै रहेको बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, राउटे समुदायको जनसङ्ख्या घट्नुको अर्को कारण अत्यधिक मदिराको सेवन हो, मदिराको सेवनले गर्दा उनीहरू भिरबाट लडेर मृत्यु हुने समस्या बढ्दै गएको छ।

राष्ट्रिय मानवअधिकार आयोगले दिएको प्रतिवेदनलाई आधार बनाएर तीनै तहका सरकारहरूले राउटे संरक्षणसम्बन्धी योजना बनाउनुपर्ने उहाँको सुझाव छ । आयोगले सिधैँ रकमको साटो आवास, खाद्यान्न, पोषण, लत्ताकपडा र शिक्षा उपलब्ध गराउने विधि प्रयोग गरी कार्यान्वयन गर्न जरुरी रहेको बताएको छभने बाहिरी आधुनिक दुनियाँले उनीहरूको सभ्यतामा हस्तक्षेप गरेको भन्दै नियन्त्रण गर्न आवश्यक रहेको निष्कर्ष निकालेको छ ।

राष्ट्रिय मानवअधिकार आयोगको अध्ययनमा समेत राज्यको यथोचित ध्यान पुग्न नसक्नु, कमजोर जनस्वास्थ्य, कुपोषण, उपचारमा पहुँच नहुनु/नराख्नु, प्रजनन स्वास्थ्य अभाव, गुणस्तरहीन परम्परागत आवासमा बसोबास, मौसमअनुकूल लत्ताकपडा अभाव, स्वच्छ खानेपानी तथा सरसफाइको अभावजस्ता कारणले राउटेको जनसङ्ख्या ऋणात्मक बन्दै जान थालेको उल्लेख छ ।

आयोगका कर्णाली प्रदेश संयोजक मानबहादुर कार्की भन्नुहुन्छ, "राउटे समुदाय जीवन चलाउने भनेर सरकारले भत्ता दिने गर्‍यो, उनीहरूको जीविका चलाउन सहज होस् भनेर सरकारले भत्ता त दियो । तर त्यो भत्ताको प्रयोग उनीहरूले आफ्नो खानपानभन्दा पनि मदिरा सेवनमा प्रयोग गर्ने गरेको पाइयो । यसले गर्दा उनीहरूको मृत्यु धेरै भएको देखिन्छ । यहीमात्र कारण त नहोला तथापि अन्य कारणले पनि उनीहरूको सङ्ख्या घटिरहेको छ ।" उनीहरूको स्वास्थ्य अवस्था पनि बिग्रँदै गएको भन्दै तीनै तहका सरकारले मुख्यगरी उनीहरूको संरक्षणका लागि नयाँ योजना बनाउनुपर्ने सुझाव कार्कीको छ ।

"उनीहरू स्वास्थ्य समस्या भइहाले उपचार गर्न नमान्ने, कडा खालको मदिराको सेवन गर्ने, पोषिलो खानाको कमी तथा विभिन्न कारणले मृत्युवरण गर्नुपर्ने यो समुदायको समस्या छ । त्यसका साथै सामाजिक परम्परा पनि छन् जनसङ्ख्या घट्नुको कारण छन् । त्यसैले सरकारले नयाँ योजना बनाएर यो समुदायको संरक्षणमा लाग्न सुझाव दिन्छु", कार्की भन्नुहुन्छ। पछिल्लो समय बढ्दो असुरक्षाले उनीहरूको मानवअधिकारसमेत हनन हुने सम्भावना बढेको उहाँको भनाइ छ ।

कर्णाली प्रदेश सरकारले भने उनीहरूका लागि राउटे करिडोर निर्माण गरी विभिन्न संरक्षणका योजना अगाडि सारेको छ । रासस

# 'सबै राजनीतिक दलमा पुनर्गठन र रुपान्तरण अनिवार्य छ'

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) का सम्मानित नेता झलनाथ खनालले सबै राजनीतिक दलमा पुनर्गठन र रुपान्तरण आवश्यक रहेकामा जोड दिनुभएको छ ।

जेनजी प्रदर्शनका क्रममा घाइते हुनुभएकी खनाल पत्नी रविलक्ष्मी चित्रकारको उपचारका लागि भारतको नयाँ दिल्लीस्थित एपोलो अस्पतालमा रहनुभएका उहाँले सामाजिक सञ्जालमार्फत हालका सानाठूला सबै दलहरू र आफ्नै पार्टीभित्रसमेत नयाँ वैचारिक, सङ्गठनात्मक र नीतिगत दिशामा पुनर्गठन आवश्यक रहेको बताउनुभयो ।

"अब देश, जनता र वामपन्थी आन्दोलनलाई नयाँ धरातलबाट उठाउन प्रत्येक पार्टीमा पुनर्गठन र रूपान्तरण अनिवार्य छ। हरेक सानाठूला पार्टीमा र जेनजी समूहमासमेत उथलपुथल र विभाजन भइरहेको छ। यसले गर्दा सबैको माग पुनर्गठन र रुपान्तरणको हो", उहाँले लेख्नुभएको छ, "यो युगको माग हो, समयको माग हो र सिङ्गो राष्ट्रको मागसमेत हो ।"

अहिले आफ्नो दल नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) ले कुनै अर्को राजनीतिक दलसँग एकीकरण गर्ने नहुने नेता खनालले धारणा राख्नुभयो। "यो कसैसँग पनि पार्टी एकीकरण गर्ने समय होइन र छैन। हामी कोही पनि गलत बाटोमा हिँड्दै भड्खालोमा पर्ने र अरुलाई पार्ने दिशामा नलागौँ", उहाँले भन्नुभयो। नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) सँग



एकीकरणका चर्चाबीच उहाँको यस्तो धारणा सार्वजनिक भएको हो।

आफ्नो दलले पछिल्लो चार वर्षे अवधिको समीक्षा गर्नुपर्ने पनि खनालको भनाइ छ। नवौँ राष्ट्रिय महाअधिवेशनदेखि उठाइएको युवा आवाज र कार्यविधिको विषयलाई ध्यान दिनुपर्नेमा जोड दिँदै उहाँ पार्टीभित्रका युवाको आवाजअनुरुप हुने गरी पार्टीलाई पुनर्गठन गर्नुपर्ने धारणा राख्नुभयो। सबै कम्युनिष्ट तथा वामपन्थी शक्तिहरूलाई गोलबन्द गरी बृहत राष्ट्रिय मोर्चाको निर्माणमार्फत् प्रतिनिधिसभाको निर्वाचनमा खटिनुपर्ने उहाँको विचार छ। रासस

# हाम्रो 'म्याण्डेड' चुनाव गराउने हो, फागुन २१ गते निर्वाचन हुन्छः मन्त्री खरेल

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले प्राप्त जिम्मेवारीअनुसार आगामी फागुन २१ गते निर्वाचन गराउने प्रतिबद्धतासहित सरकार अघि बढेको बताउनुभएको छ।

नेपाल पत्रकार महासङ्घले आज आयोजना गरेको स्वागत कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै सञ्चरमन्त्री खरेलले फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गराउने ' म्याण्डेट' रहेकाले सोहीअनुसार निर्वाचन गराउनेतर्फ सरकार केन्द्रित



भएको स्पष्ट गर्नुभयो।

सरकारको प्रमुख प्राथमिकता भनेको तोकिएको मितिमा व्यापक जनसहभागितासहित स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण ढङ्गबाट निर्वाचन गराउने हो भन्नुहुँदै उहाँले निर्वाचन प्रक्रियामा सहभागी हुन सम्पूर्ण राजनीतिक पार्टीलगायत सम्बद्धपक्षसँग अनुरोध गर्नुभयो।

यसैगरी, मन्त्री खरेलले फागुन २१ गते निर्वाचन गराउने सन्दर्भमा निर्वाचन आयोगले 'क्यालेण्डर' नै तयार गरिसकेको अवस्थामा आवश्यक वातावरण तयारीका लागि नेपाल पत्रकार महासङ्घका तर्फबाट सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो। रासस

# 'सिकाइमा सुधार ल्याउन शिक्षक, विद्यार्थी र अभिभावकबीच सहकार्य आवश्यक छ'

कञ्चनपुर । कृष्णपुर नगरपालिकाले विद्यालय शिक्षाको गुणस्तर सुधारका लागि विभिन्न कार्य अगाडि बढाएको छ । आगामी माध्यमिक शिक्षा परीक्षा (एसइई)मा विद्यार्थीको सफलता दर वृद्धि र विद्यालय शिक्षाको समग्र गुणस्तर सुधार गर्न आवश्यक अगाडि बढाइएको हो।

नगरप्रमुख हेमराज ओझाले शिक्षा क्षेत्रलाई पहिलो प्राथमिकतामा राखेर कार्य अगाडि बढाइएको बताउनुभयो । उहाँले भन्नुभयो, "एसइई परीक्षामा कुनै विद्यार्थी पछि नपरोस्, प्रत्येक विद्यालय सफलताको केन्द्र बनोस् र कृष्णपुर नगरपालिका शिक्षामा उदाहरणीय बनोस् भन्ने ध्येयले पढाइलाई गुणस्तरीय बनाउन लागेका छौं।"

नगर क्षेत्रभित्रका १३ माविका प्रधानाध्यापकहरूसँग शिक्षाको गुणस्तर सुधार गरी एसइईमा उत्कृष्ट नतिजा हासिल गर्नका लागि छलफल गरिएको उहाँले बताउनुभयो । उहाँका अनुसार नगरपालिकाले विद्यालय शिक्षाको मूल्याङ्कन प्रणाली सुधार, प्राविधिक शिक्षण प्रविधिको उपयोग र




विद्यार्थीको सिकाइ मूल्याङ्कनमा नवीनतम् विधि अपनाउन प्रध्यानाअध्यापकहरूसँग छलफल गरिएको छ ।

शिक्षा शाखा प्रमुख गणेशबहादुर चन्दले विद्यालयको सिकाइ परिणाम सुधार गर्न शिक्षक, विद्यार्थी र अभिभावकबीच सहकार्य आवश्यक रहेको बताउनुभयो। उहाँले विद्यालयमा नियमित अनुगमन, अतिरिक्त कक्षा सञ्चालन र अभिभावक सचेतना कार्यक्रम सञ्चालनका योजना अघि सारिएको बताउनुभयो।

विद्यालयका प्रधानाध्यापकहरूले विद्यालय शिक्षा सुधार गर्न अपनाउनुपर्ने शिक्षण विधिसहित भौतिक पूर्वाधारको अवस्था, शैक्षिक सामग्रीको व्यवस्था गर्न नगरप्रमुखसँग आग्रह गरेका थिए । नगरपालिकाले विद्यालयहरूमा डिजिटल शिक्षण विधि, शिक्षक क्षमता विकास तालिम र विद्यार्थी प्रेरणालगायत कार्यक्रम सञ्चालन गर्दै आएको छ।रासस

# अफगानिस्तानको सीमा कारबाहीमा ५८ पाकिस्तानी सैनिक मारिएको दाबी

एपी । अफगानिस्तानले आफ्नो भूमि र हवाई क्षेत्रको बारम्बार उल्लङ्घन भएको दाबी गर्दै आइतबार राति सञ्चालन गरिएको सीमा कारबाहीमा ५८ जना पाकिस्तानी सैनिक मारिएको जनाएको छ।

यसअघि यसै साताको सुरुआतमा अफगान अधिकारीहरूले पाकिस्तानले राजधानी काबुल र देशको पूर्वी भागका बजारहरूमा बम प्रहार गरेको आरोप लगाएका थिए। पाकिस्तानले भने सो आक्रमणको जिम्मेवारी अस्वीकार गरेको छ।



तालिबान सरकारका प्रमुख प्रवक्ता जबिहुल्लाह मुजाहिदका अनुसार अफगान सेनाले २५ वटा पाकिस्तानी चौकीहरू कब्जा गरेको र यसमा ५८ जना पाकिस्तानी सैनिक मारिएका र करिब ३० जना घाइते भएका छन्।

उहाँका अनुसार अफगान सुरक्षाबलले शनिबार राति पाकिस्तानी सीमा चौकीहरूमा गरेको आक्रमण आफ्नो देशको क्षेत्रीय अखण्डता र सार्वभौमसत्तामाथि भएको बारम्बारको उल्लङ्घनको जवाफी कारबाही हो। यस घटनाले दुई छिमेकी देशबीचको सुरक्षा तनाव अझ गहिरो पारेको बताइएको छ।

अफगान राज्य सञ्चालित मिडियाले पनि एक दर्जनभन्दा बढी पाकिस्तानी सैनिक मारिएको उल्लेख गर्दै सीमावर्ती क्षेत्रमा ठूलो सङ्घर्ष भएको जनाएको छ। तर इस्लामाबादले भने घटनाबारे तत्काल कुनै पुष्टि गरेको छैन।

तालिबान सरकारको रक्षा मन्त्रालयले आइतबार बिहान विज्ञप्ति जारी गर्दै आफ्नो सेनाले सीमामा 'जवाबी र सफल अपरेसन' सञ्चालन गरेको जानकारी दिएको छ। विज्ञप्तिमा भनिएको छ, "यदि विपक्षी पक्षले पुनः अफगानिस्तानको क्षेत्रीय अखण्डता उल्लङ्घन गर्ने प्रयास गर्‍यो भने, हाम्रा सशस्त्र सेनाहरू सिमानाको रक्षा गर्न पूर्ण रूपमा तयार छन् र कडा जवाफ दिनेछन्।"

राज्य सञ्चालित मिडिया आरटिएका अनुसार 'प्रतिशोधात्मक अपरेसन' अन्तर्गत अफगान सेनाले तीनवटा पाकिस्तानी सैन्य चौकीहरू कब्जा गरेको र दक्षिणी हेलमन्ड प्रान्तको सीमाक्षेत्रमा १५ जना पाकिस्तानी सैनिक मारिएका छन्।

यस घटनापछि दुई देशबीचको प्रमुख व्यापारिक नाका तोरखाम आइतबार बिहान ८ बजे खुल्नुपर्ने समयमा पनि बन्द रहेको बताइएको छ।

पाकिस्तानले अफगान सरकारमाथि प्रतिबन्धित समूह तहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) का सदस्यहरूलाई आफ्नो भूमिमा शरण दिएको आरोप लगाउँदै आएको छ। पाकिस्तानको दाबी अनुसार सो समूहले पाकिस्तानी भूभागमा घातक आक्रमणहरू गर्दै आएको छ। तर काबुलले आफ्नो भूमि अन्य मुलुकविरुद्ध प्रयोग गर्न नदिने अडान लिँदै उक्त आरोप अस्वीकार गरेको छ।

पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफले शनिबार राति भएको आक्रमणको कडा निन्दा गर्दै आफ्नो देशको सेनाले 'अफगानिस्तानको उक्साहटको उचित जवाफ मात्र नदिई, उनीहरूको धेरै चौकीहरू पनि नष्ट गरी पछि हट्न बाध्य पारेको' दाबी गर्नुभयो।

पाकिस्तानका गृहमन्त्री मोहसिन नकवीले शनिबार रातिको गोलीबारीप्रति कडा आपत्ति जनाउँदै भन्नुभएको छ, "यस प्रकारको उक्साहटपूर्ण गतिविधिलाई भारतजस्तै उपयुक्त जवाफ दिइनेछ।" उहाँले यस सन्दर्भमा यो वर्षको सुरुमा दुई आणविक-सशस्त्र प्रतिद्वन्द्वीहरूबीच युद्धको नजिक पुगेको सङ्कटलाई स्मरण गर्नुभएको थियो।

कतारको विदेश मन्त्रालयले सीमा क्षेत्रमा बढ्दै गएको तनावप्रति गम्भीर चिन्ता व्यक्त गर्दै यसले क्षेत्रीय सुरक्षा र स्थिरतामा नकारात्मक असर पार्ने चेतावनी दिएको छ। कतारले दुवै देशलाई 'संवाद, कूटनीति र संयम' अपनाउन आग्रह गरेको छ।

एक वरिष्ठ पाकिस्तानी सुरक्षा अधिकारीले नाम नखुलाउने सर्तमा मिडियासँग कुरा गर्दै अफगान सेनाले चित्राल, बाजौर, मोहमण्ड, अङ्गुर अड्डा र कुर्रमसहित खैबर पख्तुनख्वा प्रान्तका उत्तरपश्चिमी सीमाक्षेत्रहरूमा गोली प्रहार गरेको जानकारी दिए।

उनका अनुसार पाकिस्तानी सेनाले पनि खैबर जिल्लाको तिराह क्षेत्रमा र अफगानिस्तानको नङ्गरहार प्रान्ततर्फ भारी हतियार प्रयोग गरेर प्रत्युत्तर दिएको थियो।

अर्का पाकिस्तानी अधिकारीले कुर्रम जिल्लाको टिरी गाउँमा अफगान पक्षबाट प्रक्षेपण गरिएको मोर्टार शेल खस्दा कम्तीमा एक व्यक्तिको मृत्यु भएको र अर्को व्यक्ति घाइते भएको बताए।

दुवै देशले दुई हजार ६११ किलोमिटर (एक हजार ६२२ माइल) लामो डुरान्ड रेखा साझा गर्छन्, तर अफगानिस्तानले आजसम्म यस सीमालाई औपचारिक रूपमा मान्यता दिएको छैन।

# नेपालद्वारा युएई लाई मध्यम लक्ष्य




टुडे सउमाचारदाता

मस्कट। नेपालले आइसिसी पुरुष टि ट्वान्टी एसिया तथा इस्ट एसिया-प्यासिफिक छनोटको सुपर सिक्समा नेपालले संयुक्त अरब इमिरेट्स (युएई) लाई जितको लागि १ सय ४१ रनको चुनौती दिएको छ।

नेपालको लागि आदिफ शेखले अर्धशतक बनाए। ओमान क्रिकेट एकेडेमीको मैदानमा कप्तान रोहित पौडेलले टस जितेर ब्याटिङको निर्णय गरे। नेपालले २० ओभरमा ६ विकेट गुमाउँदै १ सय ४० रन रन बनायो।

ओपनर कुशल भुर्तेल र आसिफले पहिलो पावर प्लेमा ४५ रन जोडे। नेपालले राम्रो सुरुवात गर्यो। पहिलो विकेटको लागि ५६ रनको साझेदारीपछि कुशल आउट भए। उनी २६ बलमा २ चौका र २ छक्का प्रहार गर्दै २८ रन जोडेर हर्षित कौशिकको बलमा एलबिडब्लु धरापमा परे।

त्यसपछि रोहित क्रिजमा छिरे। आसिफसँग मिलेर ३९ रनको साझेदारी गरेपछि रोहित २० रनमा आउट भए। मोहम्मद रोहिदको बलमा मोहम्मद फारूकको बलमा क्याच आउट भए।

त्यसपछि ४५ बलमस आसिफले अर्धशतक बनाए। उनी ४७ बलको सामना गर्दै ४ चौका र १ छक्का सहित ५१ रन जोडेर आउट भए। आसिफ धुव्र परासरको बलमा बोल्ड आउट भए। यतिखेर नेपालले १६ ओभरमा ३ विकेटको नोक्सानीमा १ सय ३ रन बनाएको थियो। त्यसपछि बाँकी ४ ओभरमा नेपालले ३७ रन जोड्यो। दीपेन्द्र सिंह ऐरी मात्र १ ,गुलशन झा १४ र कुशल मल्ल १० रनमा आउट भए। गुलशन ५ बलमा २ चौका र १ छक्का प्रहार गरे। सन्दीप जोरा ४ र सोमपाल कामी ६ रनमा अविजित रहे।

बलिङमा जुनेद सिद्दिकी, मोहम्मद रोसिद, जाहुद अलि, हैदर अलि, हरिश कौशिक र धुव्र परासरले १/१ विकेट लिए।

आइतबार भएको पहिलो खेलमा ओमानले कतारलाई ३४ रनले हराउँदै महत्वपूर्ण दुई अंक जोडेको छ।

ओमानले २० ओभरमा ६ बिकेट गुमाउँदै १ सय ७२ रन जोडेको थियो। १ सय ७३ रनको लक्ष्य पछाएको कतार २० ओभरमा ९ विकेट गुमाउँदै १ सय ३८ रनमा समेटिएको थियो।

# अमेरिकाले दोहोरो मापदण्ड अपनाएको चीनको आरोप

एएफपी। राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वको दोस्रो ठूलो अर्थतन्त्रमा थप १०० प्रतिशत कर लगाउने चेतावनी दिएपछि चीनले आइतबार संयुक्त राज्य अमेरिकामाथि 'दोहोरो मापदण्ड' अपनाएको आरोप लगाएको छ।

ट्रम्पले चीनले दुर्लभ पृथ्वी तत्व (खनिज) सँग सम्बन्धित 'असाधारण आक्रामक' निर्यात प्रतिबन्धहरू लगाएको भन्दै शुक्रबार आफ्नो व्यापार युद्धलाई पुनः तीव्र बनाउने घोषणा गर्नुभएको थियो। उहाँले नोभेम्बर १ देखि लागू हुने गरी नयाँ करहरू थप्ने र 'महत्त्वपूर्ण सफ्टवेयर' निर्यातमा नियन्त्रण लगाउने निर्णयसँगै चिनियाँ राष्ट्रपति सी जिनपिङसँगको आगामी भेट रद्द गर्ने धम्की पनि दिनुभएको छ।

आइतबार चीनको वाणिज्य मन्त्रालयले ट्रम्पको उक्त कर धमकीलाई 'दोहोरो मापदण्डको स्पष्ट उदाहरण' भन्दै कडा प्रतिक्रिया जनाएको छ। मन्त्रालयले वासिङ्टनले सेप्टेम्बरदेखि नै बेइजिङविरुद्ध आर्थिक दबाबका कदमहरू चालेको स्मरण गराउँदै भनेको छ, "हरेक पटक उच्च करको धम्की दिनु चीनसँग व्यवहार गर्ने सही उपाय होइन।"



राष्ट्रपति ट्रम्पले चीनमाथि फेन्टानिल व्यापारमा संलग्नता र अनुचित व्यापार अभ्यास गरेको आरोप लगाउँदै अहिले चिनियाँ सामानहरूमा ३० प्रतिशत अमेरिकी कर लगाउनुभएको छ भने चीनले जवाफमा १० प्रतिशत कर लगाइरहेको छ।

दुर्लभ पृथ्वी तत्वहरू दुई महाशक्तिबीचको हालैको व्यापार वार्ताको प्रमुख विवाद बनेका छन्। यी तत्वहरू स्मार्टफोन, विद्युतीय सवारी साधन, सैन्य उपकरणदेखि लिएर नवीकरणीय ऊर्जा प्रविधिसम्मका उत्पादनमा अत्यावश्यक छन्। चीनले यस्ता खनिजहरूको विश्वव्यापी उत्पादन र प्रशोधनमा प्रभुत्व जमाइरहेको छ।

गत बिहीबार चीनले महत्त्वपूर्ण खनिजहरूको उत्खनन र प्रशोधनका लागि प्रयोग हुने प्रविधिमा नयाँ निर्यात नियन्त्रण घोषणा गरेको थियो। त्यसको जवाफमा राष्ट्रपति ट्रम्पले आफ्नो 'ट्रुथ सोसल' प्लेटफर्ममार्फत प्रतिक्रिया दिँदै चीनले 'अत्यधिक शत्रुतापूर्ण' व्यवहार गरेको र 'विश्वलाई बन्धक बनाउन खोजेको' आरोप लगाउनुभयो।

अमेरिकी नेताले यस महिनाको अन्त्यतिर दक्षिण कोरियामा हुने एसिया-प्यासिफिक आर्थिक सहयोग (एपेक) शिखर सम्मेलनमा राष्ट्रपति सीसँगको प्रस्तावित भेटबाट पछि हट्ने धम्की पनि दिनुभएको छ। जनवरीमा ट्रम्प पुनः सत्तामा फर्किएपछि दुवै नेताबीच हुने यो पहिलो प्रत्यक्ष भेट हुने अनुमान गरिएको थियो।

केही महिनाअघि बेइजिङ र वासिङ्टनबीच व्यापार युद्धको असहज युद्धविराममा सहमति भएको थियो। यद्यपि पछिल्ला घटनाक्रमले तनाव पुनः बढाएको छ।

गत शुक्रबार चीनले 'रक्षात्मक कदम' भन्दै अमेरिकामा सञ्चालित र निर्मित जहाजहरूमा 'विशेष बन्दरगाह शुल्क' लागू गर्ने घोषणा गरेको थियो। चीनले यो कदम अमेरिकाले आफ्ना जहाजहरूमा लगाएको बन्दरगाह शुल्कको प्रतिकारका रूपमा लिएको बताउँदै उक्त शुल्कले 'चीनको हितलाई गम्भीर क्षति पुर्‍याएको' आरोप लगाएको छ।

अमेरिकाले गत अप्रिलमा आफ्नै जहाज निर्माण उद्योगलाई पुनर्जीवित गर्ने।

# प्रतिबन्धित अवामी लिगका समर्थकहरू चुनावअघि सडकमा

एएफपी। कुनै समय बङ्गलादेशको सबैभन्दा ठूलो राजनीतिक दल रहेको अवामी लिगलाई गत वर्ष सामूहिक जनविद्रोहका क्रममा तत्कालीन नेत्री शेख हसिनालाई सत्ताच्युत गरिएपछि गैरकानूनी घोषित गरिएको थियो।

तर आगामी चुनाव नजिकिँदै गर्दा उहाँका समर्थकहरू पुनः सक्रिय बनेका छन्। उनीहरूले सामाजिक सञ्जालमा फैलिएको 'प्रतिरोध' को आह्वानबाट प्रेरित भएर प्रतिबन्धलाई बेवास्ता गर्दै देशभर फ्ल्यास मोब शैली (सार्वजनिक स्थानमा सङ्गठित हुने र तुरुन्त तितरबितर हुने तथा सङ्गठित हुन सामाजिक सञ्जालको प्रयोग गर्ने) का विरोध प्रदर्शन सुरू गरेका छन्।



राजधानी ढाकामा ४५ वर्षका सरसफाइकर्मी मोहम्मद कासेमले अवामी लिगका करिब २५ जना निष्ठावान समर्थकहरू सहभागी भएको एक प्रदर्शन देख्नुभएको थियो। उहाँका अनुसार प्रहरीहरूले ती प्रदर्शनकारीलाई पछ्याई कुटपिट गरी हिरासतमा लिएका थियो। "यो त केवल एक ठाउँमा होइन, सहरभरि भइरहेको छ", कासेमले भन्नुभयो, "फेसबुकमा हरेक दिन यस्ता भिडियोहरू देखिन्छन्।"

सन् २०२६ फेब्रुअरीमा हुने अपेक्षा गरिएको आगामी निर्वाचन शेख हसिनाको १५ वर्ष लामो शासनपश्चातको पहिलो हुनेछ। जनआन्दोलनको बीचमा भीडले प्रधानमन्त्री आवासमा आक्रमण गरेपछि हसिना भारत निर्वासनमा जान बाध्य हुनुभएको थियो। त्यसयता उहाँले विद्रोहका क्रममा भएको हिंसात्मक दमनको आदेश दिएको आरोपमा मानवता विरुद्धका अपराधसम्बन्धी मुद्दामा अदालतमा हाजिर हुन अस्वीकार गर्नुभएको छ। उहाँको पार्टी र समर्थकहरू भूमिगत अवस्थामा पुगेका छन्। अधिकारीहरूले हालसम्म यस्ता फ्ल्यास मोब प्रदर्शनहरूसँग सम्बन्धित आठ सयभन्दा बढी व्यक्तिलाई पक्राउ गरेको बताएका छन्। यी प्रदर्शनहरूले नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारलाई चुनावसम्म स्थिरता कायम राख्ने प्रयासमा चुनौती दिएको छ।

जोखिम उच्च भए पनि समर्थकहरू सडकमा उत्रिन रोकिने पक्षमा छैनन्। केही प्रदर्शनहरूमा केवल थोरै मात्र युवा सहभागी हुन्छन् भने कतिपयमा सयौँ मानिस नारा लगाउँदै देखिन्छन् – 'शेख हसिना फर्किंदै हुनुहुन्छ !' र 'बङ्गलादेश मुस्कुराउँदैछ !'। भीडहरू केही मिनेट नाराबाजी गरेपछि तितरबितर हुन्छन्। कहिलेकाहीँ ढाकाका फरक-फरक भागमा एकैपटक धेरै आकस्मिक प्रदर्शनहरू हुने गरेका छन्। एक दिन मात्रै प्रहरीले दुई सय ४४ जनालाई पक्राउ गरेको बताइएको छ।

कासेमका अनुसार उहाँले देखेको र्‍यालीमा धेरै प्रदर्शनकारीलाई प्रहरीहरूले कठोर रूपमा कुटपिट गरेका थिए। "यी मूर्ख केटाहरू हुन्", उहाँले भन्नुभयो, "हेभिवेट नेताहरूले तिनीहरूलाई त्यागे पनि उनीहरूले आफ्नो जीवनलाई जोखिममा राखिरहेका छन्।"

अन्तरिम सरकार यस्ता प्रदर्शनहरूबाट असहज बनेको देखिन्छ। अन्तरिम सरकार प्रमुख युनुसका प्रेस सचिव शफीकुल आलमले गत महिना पत्रकारहरूलाई भन्नुभएको थियो, "फासीवादीहरू अस्थिर बनेका छन्, किनकि उनीहरूले देखिरहेका छन् कि देश चुनावतर्फ अगाडि बढ्दैछ र (हसिनाको) मुद्दा तीव्र गतिमा अघि बढिरहेको छ।" उहाँका अनुसार सरकारले अब आकस्मिक जुलुस र अन्य अवैध जमघटहरूको निगरानी कडाइ गर्ने निर्णय गरेको छ।

शेख हसिना अहिले पनि सामाजिक सञ्जालमा सक्रिय हुनुहुन्छ। उहाँले युनुसविरुद्ध तीव्र आलोचना गर्दै आफ्ना समर्थकहरूलाई 'प्रतिरोध जारी राख्न' आग्रह गरिरहनुभएको छ। बङ्गलादेशी सञ्चारमाध्यमहरूले भूमिगत भएका पार्टी नेताहरूलाई उद्धृत गर्दै गत महिनामा मात्र २० वटा आकस्मिक प्रदर्शन भएको बताएका छन्।

ढाका प्रहरी प्रवक्ता मोहम्मद तालेबुर रहमानले प्रदर्शनहरूको सटीक सङ्ख्या पुष्टि गर्न नसके पनि आठ सयभन्दा बढी व्यक्ति पक्राउमा परेको जानकारी दिनुभयो।

सरकारको निर्वाचन सुधार आयोगका सदस्य तथा राजनीतिक विश्लेषक जाहेद उर रहमानका अनुसार शेख हसिनाले आफ्ना समर्थकहरूको सुरक्षालाई जोखिममा पार्दै राजनीतिक सान्दर्भिकता कायम राख्ने प्रयास गरिरहनुभएको छ। "उहाँ आफ्ना कार्यकर्तामाथि भएको कुटपिट र गिरफ्तारीका भिडियोहरू साझा गरेर सहानुभूति जुटाउने रणनीतिमा लाग्नुभएको छ", जाहेदले भन्नुभयो।

यसैबीच ह्युमन राइट्स वाचले अवामी लिगमाथि लगाइएको 'कठोर प्रतिबन्ध' को निन्दा गरेको छ। संस्थाकी क्षेत्रीय निर्देशक मीनाक्षी गाङ्गुलीले भन्नसभयो, "अन्तरिम सरकारले शेख हसिनाको शासनकालमा भएको जस्तो पक्षपातपूर्ण व्यवहार दोहोर्‍याउनु हुँदैन – चाहे त्यो राजनीतिक विरोधीहरूलाई जेलमा पुर्‍याउने होस् वा शान्तिपूर्ण असहमति दमन गर्ने।"

तर विश्लेषकहरूका अनुसार यी निरन्तर प्रदर्शनहरूले आगामी चुनावी तयारीलाई जटिल बनाइरहेको छ। प्रहरी महानिरीक्षक बहरुल आलमले 'पराजित समूह' सहितका विभिन्न हितसमूहहरूले चुनाव हुन नदिन प्रयास गरिरहेको आरोप लगाउनुभएको छ।

मुख्य अभियोजक ताजुल इस्लामका अनुसार शेख हसिनाको अनुपस्थितिमा पनि अवामी लिगमाथि न्यायिक अनुसन्धान भइरहेको छ। "अनुसन्धान प्रतिवेदन तयार भएपछि उचित कारबाही गरिनेछ", इस्लामले भन्नुभयो।

भूमिगत अवस्थामै रहेका वरिष्ठ नेता खालिद महमुद चौधरीले भने समर्थकहरू हसिनाप्रतिको 'समर्पण र प्रेम' का कारण सडकमा उत्रिरहेका भएको बताउनुहुन्छ। "के तपाईंले देख्नुभएको छ – यी गतिविधिहरूले सरकारको निद्रा भङ्ग गरेको छ ?", उहाँले हर्षित हुँदै भन्नुभयो।

# जीवित रहेका बन्धकमध्ये एकमात्र नेपाली विपिन जोशी

एपी। इजरायलले अझै जीवित रहेको विश्वास गर्ने २२ जना बन्धकमध्ये एकमात्र गैर-इजरायली नेपाली नागरिक विपिन जोशी पनि रहनुभएको छ। उहाँको कथा अहिले पनि इजरायल र नेपाल दुवै देशमा पीडा र आशाको प्रतीक बनेको छ।

सन् २०२३ अक्टोबर ७ मा हमासद्वारा इजरायलमा गरिएको विनाशकारी आक्रमणपछि दुई वर्ष लामो युद्ध सुरु भएको थियो। हमासको उक्त आक्रमणमा करिब एक हजार दुई सय जनाको मृत्यु भयो र २५१ जना अपहरणमा परे।

गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार सो लडाइँले हालसम्म ६७ हजारभन्दा बढी प्यालेस्टिनीहरूको ज्यान लिइसकेको छ। त्यसमा झण्डै आधा महिला र बालबालिका रहेका छन्। हाल गाजाको जनसङ्ख्याको करिब ९० प्रतिशत विस्थापित भइसकेको अनुमान गरिएको छ।

गाजामा हाल ४८ जना बन्धकहरू रहेका छन्। तिनमा अघिल्ला युद्धका एक सैनिकको शव पनि समावेश छ। इजरायली अधिकारीहरूले कम्तीमा २५ जना बन्धक मरेको पुष्टि गरेका छन्, तर बाँकी २० जनामध्ये कति जीवित छन् भन्ने अझै स्पष्ट छैन। तिनै बन्धकमध्ये एक जना नेपाली विद्यार्थी विपिन जोशी पनि हुनुहुन्छ। उहाँलाई जीवित रहेको विश्वास गरिएको छ।

चौबिस वर्षीय नेपाली युवा विपिन जोशी आक्रमण हुनुभन्दा एक महिनाअघि मात्र आफ्नो जन्मस्थान नेपालबाट इजरायल पुग्नुभएको थियो। उहाँ कृषि अध्ययनका लागि विद्यार्थी आदानप्रदान कार्यक्रममा सहभागी हुन गाजाको सीमामा रहेको किबुट्ज अलुमिममा कार्यरत हुनुहुन्थ्यो।

कार्यक्रमका १७ जना नेपाली विद्यार्थीमध्ये १० जनाको हमासको आक्रमणका क्रममा मृत्यु भएको थियो। उनीहरू बम आश्रयमा लुकेका थिए र हमलाको क्रममा फ्याँकिएका जीवित ग्रेनेडहरूबाट बाँच्न सफल भए पनि विपिन जोशी घाइते भएर अपहरणमा पर्नुभएको थियो।

विपिनका परिवारका अनुसार उहाँ गाजामा जीवित रहनुभएको हुनसक्छ भन्ने विश्वास अझै बलियो छ। उहाँकी १७ वर्षीया बहिनी पुष्पा जोशीले आफ्ना दाजुको रिहाइका लागि अहोरात्र प्रयास गरिरहनुभएको छ।

अधिकारीहरू र कूटनीतिक निकायहरूसँग भेट गरी दाजुको रिहाइका लागि आवाज उठाउन सकियोस् भनेर उहाँ पश्चिम नेपालको आफ्नो गाउँबाट प्रत्येक हप्ता काठमाडौँ आउन आठ-आठ घण्टाको बस यात्रा गर्नुभयो।

गत अगस्टमा जोशी परिवारले राष्ट्रपति आइज्याक हर्जोगलाई भेट्न र तेल अभिवको 'होस्टेज स्क्वायर' मा बन्धक परिवारहरूले आयोजना गर्ने प्रदर्शनमा सहभागी हुन इजरायल यात्रा पनि गरेको थियो। उनीहरूले नेपाल सरकार र अन्तर्राष्ट्रिय समुदायसँग पनि जोशीको उद्धारका लागि सक्रिय भूमिका खेल्न आग्रह गर्दै आएका छन्।

विपिन जोशी अहिले पनि गाजामा जीवित रहेको विश्वास इजरायली अधिकारीहरूले राखेका छन्। उहाँका साथीहरूले विपिन अध्ययनशील, मिलनसार र सहयोगी स्वभावका युवा रहेको बताएका छन्। विपीनले आफ्नो भविष्य कृषि विकासमा योगदान गर्ने सपनासँग इजरायल यात्रा गर्नुभएको थियो।

इजरायलले युद्धविराम सुरु भएपछि बाँकी रहेका बन्धकहरूलाई ७२ घण्टाभित्र रिहा गरिने आशा व्यक्त गरेको छ। यसको बदलामा करिब दुई हजार प्यालेस्टिनी कैदीलाई रिहा गर्ने तयारी भइरहेको छ।

विपिनको परिवार भने आशाको झिल्को निभ्न नदिई, दाजु-छोरा फर्किने दिनको प्रतीक्षा गर्दै अझै पनि प्रतीक्षामा छ। परिवारका अनुसार 'विपिन फर्किनुभयो भने त्यो केवल हाम्रो परिवारको जित होइन, यो नेपाल र मानवताकै जित हुनेछ।'

इजरायलले अझै जीवित रहेको विश्वास गर्ने २२ जना बन्धकहरूको नामावली यस्तो छ :

मातान एङ्ग्रेस्ट (२२), गली बर्मन (२८), जिव बर्मन (२८), एल्काना बोबोट (३६), रोम ब्रास्लावस्की (२१), निम्रोद कोहेन

## झापामा बाढीको कहर :
# चार करोड बराबरको क्षति



बनियानी । अविरल वर्षापछि आएको बाढीका कारण झापामा करिब दुई हजार ५०० बालबालिका प्रभावित भएका छन् । बाढीले जिल्लाका विभिन्न स्थानका दुई हजार पाँच सय बालबालिका प्रभावित भएको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी सहायक प्रमुख जिल्ला अधिकारी तेजप्रकाश प्रसाईंले जानकारी दिनुभयो । "प्रभावित बालबालिकालाई शैक्षिक सामग्रीको व्यवस्थापन गर्ने काम भइरहेको छ", उहाँले भन्नुभयो, "सम्बन्धित पालिकालाई पुस्तकको व्यवस्थापन गर्न भनिसकिएको छ ।"

अविरल वर्षापछिको बाढीले जिल्लामा करिब चार हजार ५०० घरपरिवार प्रभावित भएकामा झण्डै तीन हजार ४०० घरपरिवार झापा गाउँपालिकाका रहेको उहाँले बताउनुभयो । गत २३ गतेयता झापा गाउँपालिका वडा नं १ र २ का करिब एक हजार ७०० बाढीपीडितलाई राहत प्याकेज वितरण गरिएको उहाँले बताउनुभयो ।

बाढीपीडितलाई राहतसँगै कृषि, पशु, पूर्वाधारलगायत क्षेत्रमा भएको क्षतिको विवरण सङ्कलनको काम भइरहेको छ । विपद्जन्य रोगबाट बचाउन मेची प्रादेशिक अस्पताल, स्वास्थ्य कार्यालयको टोली प्रभावित क्षेत्रमा खटिएको सहायक प्रजिअ प्रसाईंले बताउनुभयो ।

पानीजन्य रोग नियन्त्रणका लागि पानी निर्मलीकरण गर्ने, शुद्ध खानेपानीको ट्याङ्की राख्ने काम भइरहेको जनाइएको छ । राहत वितरणका लागि विभिन्न व्यक्ति, सामाजिक सङ्घसंस्था, व्यावसायिक प्रतिष्ठानले सहयोग गरिरहेका छन् ।

करिब चार हजार परिवारलाई वितरण गर्न सकिनेगरी खाद्यान्न व्यवस्थापन भइसकेको सहायक प्रजिअ प्रसाईंले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले राहत वितरणका लागि खाद्यान्नको अभाव छैन ।"

जिल्ला विपद् व्यवस्थापन समितिले 'एकका लागि एक अभियान'सँगको सहकार्यमा एकद्वार प्रणालीमार्फत जिल्लाका बाढीपीडितलाई राहत वितरण गरिरहेको छ । एकका लागि एक अभियानका संयोजक महेन्द्रकुमार गिरीले दुई हजार परिवारलाई राहत दिन पुग्नेगरी करिब रु ६० लाख विभिन्न दाताबाट प्राप्त भइसकेको बताउनुभयो ।

बाढीपीडितलाई राहत प्याकेजअनुसार प्रतिपरिवार चामल एक बोरा, तेल एक लिटर, नुन दुई केजी, आलु पाँच केजी, दाल दुई केजी, पानी एक कार्टुन, म्याट दुई थान र कम्बल दुई थान वितरण गरिँदै आएको छ ।

**कनकाईमा चार करोडको क्षति**

यसैबीच, गत असोज १८ गते आएको बाढीले झापाको कनकाई नगरक्षेत्रमा करिब रु चार करोडबराबरको क्षति भएको छ । नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले नगरक्षेत्रमा बाढीका कारण करिब रु चार करोडबराबरको क्षति भएको जानकारी दिनुभयो । कनकाईमा कनकाई माई नदीमा आएको बाढीले करिब २५ बिघा जमिन कटान गरेको छभने करिब आठ सय मिटर सडकमा क्षति पुर्‍याएको छ ।

"नदी नियन्त्रणका लागि नगरपालिकाले कनकाई र बिरीङ नदीमा तटबन्धन गरेकाले धेरै क्षति हुन पाएन", नगरप्रमुख पोखरेलले भन्नुभयो, "नगरक्षेत्रमा बाढीका कारण करिब ५० घरपरिवार प्रभावित भएका छन् ।" विभिन्न सामाजिक सङ्घसंस्थासँगको सहकार्यमा राहत वितरणको काम भइरहेको बताउनुहुँदै उहाँले तत्काल कार्यपालिकाको बैठकबाट निर्णय गरेर राहतका कार्यक्रम ल्याइने बताउनुभयो । रासस

# हिल्सा हुँदै मानसरोवर कैलाश जाने तीर्थयात्रीको सङ्ख्या वृद्धि

सिमकोट । यहाँको हिल्सा हुँदै मानसरोवर कैलाश दर्शन गर्न जाने भारतीय तीर्थयात्रीको यस वर्षको यात्रा सकिएको छ ।

हुम्ला उच्च हिमाली जिल्ला भएकाले चिसो बढ्दै जाँदा भारतीय तीर्थयात्रीको यस वर्षको मानसरोवर कैलाश यात्राको याम सकिएको होटल व्यवसायी मिम लामाले जानकारी दिनुभयो । काठमाडौँ, नेपालगञ्ज हुँदै हुम्लाको हिल्सा भएर मानसरोवर जाने तीर्थयात्रीको यस वर्षका यात्रा सकिएको उहाँले बताउनुभयो । कोरोना सङ्क्रमणपछि भारतीय तीर्थयात्रीको धेरै सङ्ख्या हुम्ला भएर मानसरोवर दर्शन गर्न पुगेका हुन् ।

सदरमुकाम सिमकोट र चीनसँगको सीमानाका हिल्सामा रहेका होटल व्यवसायीले यस वर्ष राम्रो आम्दानी गरेको लामाले बताउनुभयो ।

एउटा होटलले रु १० लाखभन्दा बढी कमाई गरेका छन् । अन्य देशबाट जिल्लाका विभिन्न स्थानमा घुम्न आउने एकदुई जना फाट्टफुट्ट भए पनि भारतीय तीर्थयात्रीको याम सकिएको छ ।



**साढे छ हजार विदेशी पर्यटक हुम्ला भित्रिए**

चीनसँग नेपालको हुम्ला हिल्सानाका गत वैशाख १८ गते खुलेपछि छ हजार ४०७ जना विदेशी पर्यटक हुम्ला भित्रिएका जनाइएको छ। जेठदेखि असोजको पहिलो हप्तासम्म नेपालगञ्ज भएर हुम्ला हुँदै मानसरोवर कैलाश दर्शन गर्न जाने छ करिब छ हजार भारतीय तीर्थयात्री पुगेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शङ्कर पोखरेलले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "अन्य देशका चार सय ५० जनासहित हुम्लामा छ हजार ४०७ विदेशी पर्यटक हुम्ला पुगेका हुन् । जेठको दोस्रो हप्ताबाट हुम्ला भएर मानसरोवर दर्शका लागि २५ जना विदेशी पर्यटक यहाँ पुगेका थिए ।" मानसरोवर कैलाश दर्शन गर्न आउने विदेशी पर्यटकको यो सङ्ख्या यस वर्षको अब अन्तिम हो । मानसरोवर कैलाश दर्शनका लागि हुम्लाको रुट छोटो दूरीमा पर्ने भएकाले जेठ, असार, साउन, भदौ र असोजको पहिलो सातासम्मका दैनिक दिन सिमकोट विमानस्थलमा विदेशी तीर्थयात्रीको चाप बढ्ने गरेको थियो ।

चीनले कोरोनापछि हिल्सानाकालाई हुम्लीसहित भारतीय पर्यटकका लागि खुला गरेपछि धार्मिक पर्यटकहरूको सङ्ख्या वृद्धि भएको सिमकोट विमानस्थलमा सिमकोट गाउँपालिकाबाट खटिनुभएका दीपेन्द्र भण्डारीले बताउनुभयो । उहाँले भन्नुभयो, "मानसरोवर कैलाशको दर्शन गर्न हुम्लामा कोरोना सङ्क्रमणपछिको यो उल्लेखनीय सङ्ख्यामा भित्रिएका हुन् ।


जिल्लाको सिमकोट र नाम्खा गाउँपालिकाले हुम्ला पुगेका विदेशी पर्यटकबाट शुल्कसमेत उठाउँदै आएको छ । भारतीय प्रतिव्यक्ति तीर्थयात्रीबाट रु एक हजार १०० राजस्व सङ्कलन गर्दै आएको छभने अन्य देशका पर्यटकबाट रु एक हजार ५०० शुल्क लिने गरेको छ ।

मानसरोवर कैलाश दर्शन गर्न जाने भारतीय हुम्ला पुगेका पाँच हजार ९५७ जनाबाट रु ६५ लाख ५२ हजार शुल्क र अन्य देशका पर्यटकबाट रु छ लाख ७५ हजार राजस्व सङ्कलन भएको छ ।

**व्यस्त सिमकोट विमानस्थल सुनसान**

पर्यटक आउँदाको समय दैनिक बिहानदेखि बेलुका ५:०० बजेसम्म व्यस्त देखिएको सिमकोट विमानस्थल यतिबेला सुनसान देखिएको छ। जेठ, असार, साउन र भदौमा सिमकोट विमानस्थल निकै व्यस्त देखिनुका साथै नागरिकको समेत बाक्लो चहलपहल देखिए पनि असोजको दोस्रो हप्तादेखि सुनसानजस्तै देखिन थालेको छ । मानसरोवर कैलाश दर्शन यात्रा सकिएसँगै निजी जहाज पूर्वमा उडान भर्दा विमानस्थलमा चहलपहल कम देखिएको हो। रासस

# व्यापारिक केन्द्र बन्यो अपिको मकरीगाड



दार्चुला । सडक यातायातको सहज पहुँचसँगै अपिहिमाल गाउँपालिका-५ स्थित मकरीगाड अहिले व्यापारिक केन्द्र बनेको छ । करिब २० वर्षअघि सामान्य होटल-पसलसम्म सीमित मकरीगाड अहिले दर्जनौं पसल, होटल र गोदामसहितको आधुनिक बजार बनेको छ ।

विसं २०७६ मा मकरीगाड जलविद्युत् आयोजना सुरु भएपछि सडक विस्तारले यहाँको आर्थिक रुपान्तरणलाई गति दिएको छ। विसं २०६० देखि मकरीगाडमा व्यापार गर्दै आएका धनसिंह लोथ्याल सडक पुगेपछि अहिले मकरीगाडमा बजार व्यवसाय बढेको बताउनुहुन्छ । "यो क्षेत्रमा २२ वर्षदेखि होटल व्यवसाय गर्दै आएको छु, पहिले खाना खाने र बास बस्नेमात्रै व्यापार थियो", लोथ्याल भन्नुहुन्छ, "तर अहिले सबै किसिमको व्यापार मकरीगाडमा भइरहेको छ, बिहानदेखि साँझसम्म चहलपहल बढेको छ ।"

सडक पुगेपछि जिप र मालबाहक ट्रक दैनिक रूपमा मकरीगाडसम्म पुग्न थालेका छन्। पहिला मार्मा गाउँपालिकाको लटिनाथ-सेलविसा हुँदै हुने व्यापार अहिले मकरिगाडमा केन्द्रित भएको छ । लोथ्यालका अनुसार पारिबगरदेखि मकरीगाड सडक खण्डमा खुलेका अधिकांश होटल पसल बन्द भएका छन् ।

अपिहिमालका वडा नं १ देखि ५ सम्मका स्थानीयका लागि मकरीगाड अहिले मुख्य बजार केन्द्र बनेको छ । पहिले लटिनाथबाट पिठ्युँमा सामान बोकेर आउनुपर्ने बाध्यता हटेको छ। पहिले मार्माको सेलविसासम्म मात्रै सडक थियो । स्थानीय लटिनाथबाट पिठ्युँमा समान बोकेर आउँथे । सडक पुगेपछि सामान सबै यहीँ सहज पाउन थालेको लोथ्याल बताउनुहुन्छ । उहाँका अनुसार यहाँ व्यापारिक चाप बढेको छ ।

धनगढीबाट रात्रिकालीन आउने यात्रु जिपमार्फत बिहानै मकरीगाड पुग्छन् । अहिले विटुले-पारिबगर-मकरीगाडसडकखण्डमध्ये मार्माको पारिबगरसम्म सडक ग्राभेल गरिएको छ । पारिबगर क्षेत्रसम्म बस सेवा सञ्चालनमा छ । पारिबगरदेखि मकरीगाडसम्म सडक कच्ची भए पनि सामान बोकेका ट्रक मकरीगाडसम्म नियमित सञ्चालन हुने गरेका छन् ।

मकरीगाडभन्दा माथि सडक नहुँदा पनि अहिले यस क्षेत्रमा व्यापार व्यवसाय बढेको मकरीगाडमा व्यापार व्यवसाय गर्दै आएका विसनसिंह धामी बताउनुहुन्छ । अहिले यो क्षेत्र सबै प्रकारको व्यापारका लागि केन्द्रबिन्दु बनेको छ । स्थानीयले आफ्नो उत्पादन मकरीगाडसम्म बिक्री गर्न ल्याउँछन् । खण्डेश्वरी घुसाबाट स्थानीयले हरियो साँग, दूध दही मकरीकगाड बजारमा व्यापार गर्ने अवस्था बनेको छ । तराई क्षेत्रबाट खाद्यान्न लत्ताकपडा सहजै यहाँ पुग्ने गरेको छ । यहाँका होटल तथा पसल राम्रो चलेका छन् ।

"विद्युत् नबनेको भए सायदै अहिले नै सडक पुग्थ्यो", धामीले भन्नुभयो, "यो सडक कालोपत्र भयो भने अझै यहाँको व्यापार राम्रो हुन्थ्यो ।" अहिलेकोभन्दा सस्तो मूल्यमा सामान मकरीगाडमा उपलब्ध हुनेछ । खाद्यान्न उत्पादन न्यून हुने अपिहिमालका चार वडाका लागि अहिले तराईबाट सहजै खाद्यान्न मकरीगाड पुग्ने गरेको छ । विकास निर्माणमा चाहिने छड, सिमेन्टदेखि दैनिक उपभोग्यसामानकोसहजउपलब्धता मकरीगाडमा पुगेको व्यापारी धनसिंह जागरी बताउनुहुन्छ । अहिलेको अवस्थामा अझै सडक स्तरोन्नतिको खाँचो छ ।

व्यापारी जागरीका अनुसार खाद्यान्न, लत्ताकपडा, सिमेन्ट, छडलगायत दैनिक उपभोग्य सामग्री मकरीगाडमै सहज उपलब्ध छन् ।रासस

# एक दशकदेखि निरन्तर व्यावसायिक कृषिमा

तम्घास । जिल्लाको रेसुङ्गा नगरपालिका-६ का प्रेम नेपाली विगत एक दशकदेखि निरन्तर कृषि कर्ममा लाग्नुभएको छ । ४६ वर्षीय नेपालीले २०७२ सालमा १८ रोपनी जग्गा भाडामा लिएर तरकारीखेती सुरु गर्नुभएको थियो । उहाँले थप एक सय ४० रोपनी जग्गा भाडामा लिएर अहिले खेती विस्तार गर्नुभएको छ ।

पछिल्लो समय युवाहरू वैदेशिक रोजगारीमा जाने तर कृषि कर्म नगर्ने प्रवृत्ति बढ्दै गएको अवस्थामा नेपालीले भने दश वर्षदेखि तरकारीखेतीलाई निरन्तरता दिनुभएको हो । गुल्मीजस्तो पहाडी भेगमा बजारको अभाव, सिँचाइ, बीउ, मललगायत समस्याका कारण पनि कृषिमा लामो समय टिक्न कठिन हुने उहाँको अनुभव छ ।

उक्त जग्गामा १२ वटा टनेलमा तरकारी, ५० रोपनी जग्गामा धानखेती तथा केहीमा माछापालन, कुखुरा र बङ्गुरपालन गर्नुभएको छ । उहाँले मौसमी तथा बेमौसमी तरकारी उत्पादन गर्नुहुन्छ। खर्बुजा, काँक्रा, घिरौँला, लौका, ब्रोकाउली, गोलभेडा, सिमी, बोडी, बन्दालगायत तरकारी उत्पादन गर्नुहुन्छ ।

**२५ टनेलबाट दैनिक तीन क्विन्टल तरकारी बिक्री**

तरकारीको मुख्य सिजनअनुसार फरक पर्छ । बेमौसमी तरकारीको मूल्य बढी पर्ने हुँदा उहाँले बढी मात्रामा बेमौसमी तरकारीको खेती गर्नुभएको छ । अहिले काँक्रा प्रतिकिलो रु एक सय ३०, गोलभेँडा प्रतिकिलो रु ८० का दरले बिक्री हुने नेपालीले जानकारी दिनुभयो ।



"यो अन्य समयको तुलनामा बढी मूल्य हो । मौसम (सिजन)मा दैनिक तीन क्विन्टलजति तरकारी बिक्री हुन्छ । अहिले दैनिक सात क्विन्टलजति बिक्री गर्ने उद्देश्यले काम गरिरहेको छु", नेपालीले भन्नुभयो, "उत्पादित तरकारी स्थानीय बजारका साथै तम्घास र बुटवलसम्म पुग्ने गरेको छ ।"

उहाँको बारीमा हाल फलामे १६ र बाँसका १२ गरी कूल २८ टनेल छन् । उक्त टनेलमध्ये छ वटामा गोलभेँडा, दुई वटामा काँक्रा, दुईवटामा सिमी, चार वटामा बोडी उत्पादन भइरहेका छन् । दुईवटा फलामे टनेलमा मौसमी तथा बेमौसमी तरकारीका बेर्ना तयार छन् । बन्दागोपी, फूलगोपी, प्याज, काँक्रा, लहरे तरकारी, सागलगायत बिरुवा नर्सरीमा तयारी अवस्थामा छन् ।

बेर्ना बिक्रीबाट दैनिक रु ३० हजार आम्दानी हुने नेपालीले जानकारी दिनुभयो । गत वर्षदेखि स्टबेरीको पनि उत्पादन सुरु गरेको बताउँदै उहाँले प्रतिकिलो रु छ सयका दरले दुई क्विन्टल स्टबेरी बिक्री भएको उल्लेख गर्नुभयो । "अहिले पाँच क्विन्टल बिक्री गर्ने योजना छ । बजारमा अहिले स्टबेरीको माग बढी छ, उत्पादन बढाउन सके फाइदा हुन्छ", उहाँले भन्नुभयो ।

**खेर गएको तरकारी माछा र बङ्गुरलाई**

बिक्री नभएको र तरकारीको फेँदमा रहेका पातहरूको पुनः प्रयोगका लागि बङ्गुर र माछापालन गरेको नेपालीले बताउनुभयो । अर्थात् तरकारीमा खेर गएको पात बङ्गुर र माछाको आहाराका रूपमा प्रयोग हुँदै आएको छ । साथै माछापालन गरेको पानी तरकारीखेतीका लागि समेत उपयुक्त मानिन्छ । अहिले तीनवटा पोखरीमा सिल्भर, कमन र ग्रास गरी तीन जातका माछा रहेका उहाँले जानकारी दिनुभयो ।

केही समय अघिमात्रै उहाँले छ हजार भूरा राख्नुभयो । अहिले दुईवटा पोखरीबाट माछा निकाल्ने काम भइरहेको छ । "यो सिजनमा रु एक लाख ५० हजारको माछा बिक्री भयो, अरु निकाल्ने काम भइरहेको छ", उहाँले भन्नुभयो । उहाँका अनुसार प्रतिकिलो रु सात सयका दरले माछा बिक्री हुन्छ ।

उहाँले तीन वर्षदेखि बङ्गुर पाल्नुभएको हो । अहिले बङ्गुरका तीनवटा माउ छन् । वर्षमा दुई पटक क्याउने बङ्गुर बिक्रीबाट वार्षिक रु एक लाख ५० हजार आम्दानी हुने बताउँदै उहाँले वार्षिक रूपमा बङ्गुरका करिब ३० बच्चा बिक्री गरिरहेको जानकारी दिनुभयो ।

नेपालीले ५० रोपनी जग्गामा हाइब्रिड, जिटेन, उपजलगायत धान लगाउनुभएको छ । गतवर्ष उहाँले स्थानीय बजारका साथै तम्घास, बुटबल र काठमाडौँसम्म एक सय २० मुरी धान बिक्री गरेर रु एक लाख २० हजार आम्दानी गर्नुभयो ।

**मासिक तीन लाखसम्म बचत**


काम गर्नका लागि उहाँले तीनजना दैनिक र अन्य मौसमी कामदार राख्नुभएको छ । तीनजनाको तलब रु १२ देखि १८ हजारसम्म छ । आलु, धान र तरकारी लगाउने समयमा ठुलो सङ्ख्यामा रोजगारी सिर्जना हुने गर्दछ । यसरी खर्च कटाउँदा पनि मासिक रु तीन लाख अर्थात् वार्षिक रु ३६ लाख आम्दानी गर्ने नेपालीले बताउनुभयो । "घरखर्च चलाउन, बालबच्चा बढाउन राम्रैसँग पुग्नुका साथै केही रकम बचत पनि भएको छ", उहाँले भन्नुभयो, "विदेश जाने वा पेसा परिवर्तन गर्ने कुनै सोचमा छैन ।"

कृषि कर्ममा नेपालीलाई राज्यले पनि सहयोग गरेको छ । कृषि ज्ञान केन्द्रले गत वर्ष टनेल निर्माणका लागि रु दुई लाख ७८ हजार, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाबाट ५० प्रतिशत अनुदानमा टनेल, भेटेरीनरी । रासस

# विदेशमा दुःख गर्नुभन्दा गाउँमै तरकारी फलाउँदा सुख

भोजपुर । विदेशमा वर्षौं पसिना बगाएर फर्किएका जिल्लाका धेरै युवा अहिले आफ्नै गाउँमा कृषिमा जोडिन थालेका छन् । रोजगारीको विकल्पका रूपमा कृषिलाई आत्मसात् गर्न थालेपछि गाउँघरमै नयाँ आशा पलाएको छ ।

रामप्रसादराई गाउँपालिका-८ खोक्सिकका मनिराज राई पनि त्यस्तै उदाहरण हुनुहुन्छ । करिब १० वर्ष विदेशमा बिताउनुभएका राई गाउँ फर्केपछि व्यावसायिक तरकारीखेतीमा लाग्नुभएको छ । राईले अहिले गोलभेँडा, बन्दा, फुलकोभी, आलु, मुला, साग, गाँजरलगायत तरकारी उत्पादन गर्दै आउनुभएको छ । वडा कार्यालयको पहलमा तालिम र कृषि



औजार पाएपछि खेतीमा लाग्न अझ सहज भएको उहाँको भनाइ छ । "विदेशबाट फर्केर आफ्नै गाउँमा व्यावसायिक तरकारीखेतीमा लागेको हुँ", उहाँले भन्नुभयो, "त्यहाँभन्दा आफ्नै ठाउँमा मेहेनत गरे राम्रो आम्दानी लिन सकिने रहेछ । अहिले परिवारसँग बसेर तरकारीखेतीमै रमाएको छु ।" तरकारी व्यवसायबाट राम्रै आम्दानी गर्न सकिने देखेपछि २०७८ सालदेखि व्यावसायिक रूपमा तरकारीखेती गरिरहेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार तरकारीखेतीबाट सबै खर्च कटाएर मासिक रु २० देखि २५ हजारसम्म आम्दानी हुने गरेको छ । गाउँमै उत्पादन भएको तरकारी स्थानीय बजारमै सजिलै खपत हुने भएकाले उहाँलाई बिक्रीमा समस्या छैन । "आफ्नै गाउँमा व्यावसायिक बन्न सकियो भने पैसा कमाउन बाहिर जानु पर्दैन", उहाँले भन्नुभयो, "यहाँको माटो र पसिनाले दिने आम्दानीमै सन्तुष्ट छु ।" व्यावसायिक कृषिमा लागेका किसानलाई पहिचान गरेर उनीहरूको योजनाअनुसार अनुदान, तालिम र उपकरण उपलब्ध गराउँदै आएको वडा कार्यालयले जनाएको छ । रासस


**Government of Nepal**
**Ministry of Agriculture and Livestock Development**
**Food & Nutrition Security Enhancement Project (FANSEP II)**
**Project Cluster Unit, Dhanusha**

**Invitation for Bids Procurement of Improved Wheat Seeds**

**Date of First Publication: 13th October, 2025 (2082/06/27)**

Food and Nutrition Security Enhancement Project, PCU, Dhanusha invites online electronic bid from the eligible Nepalese bidders for Procurement of Improved Wheat Seed (70 MT) sharing the cost of 85% from PCU-Dhanusha & 15% from seed receiving productive farmer Groups under National Competative Bidding Procedures. For details, please visit: http://fansep.moald.gov.np or Office at Naktajhij, Dhanusha. Interested Bidders may get bid documents from website www.bolpatra.gov.np/egp.

| Contract ID No. | Goods | Bid Security Amount (NRs.) | Bid Submission Date | Bid Opening Date | Bid Document Fees (NRs.) |
|---|---|---|---|---|---|
| NP-MOALD-515483-GO-RFB-DHANUSHA-YR2 | Procurement of Improved Wheat Seeds | 1,60,000.00 | Nov. 12, 2025 12:00 AM | Nov. 12, 2025 01:00 PM | 3000.00 |

**Project Cluster Unit, Dhanusha**

# जसपा नेपालको मधेश प्रदेश अधिवेशन आज



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी नेपाल मधेश प्रदेश अधिवेशन भोली देखि जनकपुरधाममा शुरु हुने भएको छ ।

असोज २७ र २८ गते जनकपुरधाममा हुने प्रदेश अधिवेशनका लागि भूगोल बाट प्रतिनिधि छनौट लगभग सम्पन्न भई सकेको छ । अधिवेशनमा ५ सय प्रतिनिधि तथा एक सय पर्यवेक्षकको सहभागिता रह्ने प्रदेश अध्यक्ष बालकिशोर यादवले जानकारी दिए । अधिवेशनको उद्घाटन सत्रलाई असोज २७ गते पार्टी अध्यक्ष उपेन्द्र यादवले गर्ने कार्यक्रम रहेको उनले बताए ।

देश विषम राजनीतिक परिस्थितिमा रहेको समयमा पार्टीको मधेश प्रदेश अधिवेशनको औचित्य झन् बढेर गएको उनले बताए । पार्टीले संविधान संशोधन मार्फत प्रत्यक्ष कार्यकारी राष्ट्रपति, पूर्ण समानुपातिक निर्वाचन प्रणाली, न्याय प्रणालीको पुनर्संरचना तथा संबैधानिक अदालत, सामाजिक न्याय तथा सुशासनको प्रत्याभूति, भ्रष्टाचारको अन्त्य जस्ता मुद्दा अहिले आएर जेन जी पुस्ताले उठाएको र आफूहरु एक दशकदेखि उठाउँदै आईरहेको उहाँले स्पष्ट पारे । यो प्रदेश अधिवेशनमा समेत यी मुद्दाहरुलाई उठाउने उनको भनाइ थियो ।

प्रदेश अधिवेशनबाट नयाँ नेतृत्वका लागि अध्यक्ष पदमा वर्तमान अध्यक्ष बालकिशोर यादव र पार्टीका केन्द्रीय सदस्य योगेन्द्र राय यादव आकांक्षी रहेका छन् ।

# प्रमुख प्रशासकीय अधिकृत र विज्ञापन कम्पनीका सञ्चालकविरुद्ध भ्रष्टाचार मुद्दा




**टुडे समाचारदाता**

रौतहट । रौतहटको माधव नारायण नगरपालिकाका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रलब कायस्थ, लेखापाल रामबलम प्रसाद यादव र रौतहट एडभटाइजिङ प्रालिका सञ्चालक अजितकुमार कर्णविरुद्ध भ्रष्टाचारको आरोपमा मुद्दा दर्ता भएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीहरूविरुद्ध आइतबार विशेष अदालत, काठमाण्डुमा भ्रष्टाचारसम्बन्धी आरोपपत्र दायर गरेको हो । आयोगका अनुसार, विद्यालय भवन निर्माणसम्बन्धी ठेक्काको बोलपत्र आह्वान तथा बोलपत्र स्वीकृत गर्ने आशयको सूचना राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्ने कानुनी व्यवस्था हुँदाहुँदै पनि ती सूचना लुकाइ-छिपाइ गरिएको पाइएको छ ।

अनुसन्धानबाट उनीहरूले आपसी मिलेमतोका साथ माधव नारायण नगरपालिकाको ठेक्कासम्बन्धी सूचना सिटी पोस्ट राष्ट्रिय दैनिकजस्तो देखिने सीमित प्रतिमा मात्र छापेर झुट्टा कागजात पेस गरी दुई लाख ५७ हजार नौ सय सत्तरी रुपियाँ भुक्तानी लिएको प्रमाणित भएको आयोगले जनाएको छ । प्रेस काउन्सिल नेपालको अभिलेखमा सो मितिका सूचना नदेखिएको पुष्टि भएपछि आयोगले सो कार्यलाई सार्वजनिक रकम हिनामिना गर्ने नियतको भ्रष्टाचार कार्यका रूपमा ठहर गरेको हो ।

तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत प्रलब कायस्थ र लेखापाल रामबलम प्रसाद यादवमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१० (ङ) बमोजिम बिगो रकम बराबरको जरिवाना र कैद सजाय माग गरिएको छ ।

रौतहट एडभटाइजिङ प्रालिका सञ्चालक अजित कुमार कर्णमाथि सोही ऐनको दफा २२ बमोजिम मुख्य कसूरदार सरह सजाय तथा बिगो रकम असुल गर्न माग दाबी गरिएको छ ।

आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलका अनुसार, "ठेक्का प्रक्रियामा सूचना लुकाउने र झुट्टा विवरणका आधारमा भुक्तानी लिनु गम्भीर अनियमितता हो ।

आयोगले यसप्रति शून्य सहनशीलता अपनाएको छ ।"

आयोगले सार्वजनिक निकायका ठेक्का प्रक्रियामा हुने सूचना हेरफेर र झुट्टा प्रकाशनजस्ता गतिविधि रोक्न नियमित अनुगमन र अनुसन्धानलाई अझ सशक्त बनाउने जनाएको छ ।

# तलब माग्दै शिक्षकद्धारा धर्ना

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिकाकामा शिक्षकहरुले तलब भत्ता माग गर्दै आइतबारदेखि अनिश्चितकालीन धर्नामा बसेका छन् । शिक्षकहरु मिथिला नगरपालिकाको कार्यालय परिसरमै बसेर धर्नामा बसेका छन् ।



शिक्षक आन्दोलन परिचालन समित मिथिलाका संयोजक रामप्रसाद खरेलले तलब भत्ताको रकम खातामा जम्मा नभएसम्म धर्ना कार्यक्रम जारी रहने जानकारी दिए । उनका अनुसार पटकपटक तलब भत्ता माग गर्दा पनि नगरपालिकाले कुनै ध्यान नदिएकाले अन्ततः बाध्य भएर धर्ना बस्नुपरेको छ ।

उनले भने, 'दशैं-तिहार जस्ता चाडपर्वमा पनि तलब नपाउँदा हामीहरू आर्थिक संकटमा परेका छौं । संघीय सरकारले समयमै पठाएको शिक्षकको तलब रकम जनप्रतिनिधिबीचको आन्तरिक मतभेदका कारण रोकिएको हो । शिक्षकको तलब तुरुन्त निकासा गरी शैक्षिक वातावरण सहज बनाउन उहाँले आग्रह गरे ।

# हैजा महामारीविरुद्ध प्रतिकार्य खोप अभियान सञ्चालन



**टुडे समाचारदाता**

वीरगञ्ज । आइतबारदेखि पर्सा जिल्लाको १४ पालिकामा एकै पटक हैजा रोगको महामारीविरूद्ध प्रतिकार्य खोप अभियान सञ्चालनमा ल्याएको स्वास्थ्य कार्यालय पर्साले जनाएको छ ।

जिल्ला प्रशासन कार्यालय पर्सामा आइतबार आयोजित एक कार्यक्रममा प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीलाई महिला स्वास्थ्यकर्मीले मुखमा हैजाको खोप खुवाएर हैजा रोगको महामारीविरुद्ध प्रतिकार्य खोप अभियानको शुभारम्भ गरिएको छ ।

उक्त अवसरमा प्रमुख जिल्ला अधिकारी सुवेदीले केही दिन अघिसम्म पर्सा जिल्ला हैजाको महामारीमा परेकोले पर्सावासीलाई खोप खाएर लाभान्वित हुन तथा सुरक्षित रहन खोप कार्यक्रमलाई सफल पार्न आग्रह गरे ।

उनले पैसाले किनेर यो खोप बजारमा नपाउने भएकाले यसबाट लाभ लिन सकिने बताए । बाल तथा खोप शाखा प्रमुख डा. अभियान गौतमले खोप विश्व स्वास्थ्य संगठनबाट गुणस्तरयुक्त प्रमाणित भएको खोप हो, र नेपालको नियामक निकाय औषधी व्यवस्था विभागमा दर्ता भएकोले कुनै प्रकार संकोच नलिन आग्रह गरे ।

स्वास्थ्य कार्यालय पर्साका जनस्वास्थ्य अधिकृत जयमोद ठाकुरले पर्सा जिल्लाको १४ पालिकामा एकै चरणमा असोज २६ गतेदेखि कार्तिक २ गतेसम्म खोप अभियान सञ्चालनमा रहने बताए । उनले पर्सा जिल्लामा एक हजार ९ सय ५१ खोप केन्द्रर्माफत कार्यक्रम सञ्चालनमा आएको बताए ।

वीरगञ्ज महानगरपालिकामा भदौं ६ गते देखिएको झाडापखालाले हैजा महामारीको रूप लिँदै गर्दा एक हजार पाँच सय ६७ जना प्रभावित भएका थिए ।

# जग्गा विवादका कारण झडप, एक जनाको मृत्यु

**टुडे समाचारदाता**

रौतहट । रौतहटको पश्चिमिभेग फतुवा विजयपुर नगरपालिका-२ स्थित शीतलपुरमा आइतबार दिउँसो जग्गा विवादका कारण दुई पक्षबीच भएको झडपमा एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा सोही स्थानका ५० वर्षीय शंकर शाह बनियाँ रहेका छन् ।

इलाका प्रहरी कार्यालय बिजयपुरका प्रमुख इन्स्पेक्टर सुरेन्द्र यादवका अनुसार आइतबार बिहान करिब १० बजे शंकर शाह बानियाँ पक्ष र ४० वर्षीया कपिलदेव यादव पक्षबीच जग्गासम्बन्धी विषयमा विवाद हुँदै कुटपिटमा परिणत भएको थियो ।

कुटपिटका क्रममा शंकर शाह बनियाँ घाइते भएका थिए भने कपिलदेव यादवकी श्रीमती ४० वर्षीया मिना देवी यादव समेत घाइते भएकी थिइन्। मिना देवीलाई भित्रि चोट लागि अवस्था मध्यम रहेकाले उपचारका लागि एल.एस. न्युरो अस्पताल पठाइएको प्रहरीले जनाएको छ ।

शंकर शाहलाई जिल्ला अस्पताल गौर लगिँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरीका सई अरविन्द साहले जानकारी दिए ।

प्रहरीका अनुसार कुटपिटमा हरिदेव यादव, सुरेन्द्र यादव र एक अन्य व्यक्ति संलग्न रहेको बताइएको छ । उनीहरू हाल फरार रहेको र उनीहरूको खोजतलास जारी रहेको प्रहरीले जनाएको छ ।

घटनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

# ब्राउन सुगरसहित चारजना पक्राउ

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गुजरा नगरपालिका-२ कटानी टोलबाट प्रहरीले लागूऔषध ब्राउन सुगर सहित चारजनालाई नियन्त्रणमा लिएको छ । पक्राउ परेकामध्ये दुई दुईजनालाई कटानीटोलको छुट्टाछुट्टै स्थानबाट समातिएको प्रहरीले जनाएको छ ।

बिशेष सूचनाको आधारमा हिजो सनिवार राति करिब साढे ९ बजे, गुजरा-२ कटानी टोलमा प्रहरी टोलीले काठमाण्डौ महानगरपालिका-१२ बौद्धका केशव गुरुङका छोरा २० वर्षीय कोमन गुरुङ र सिन्धुली मरिण गाउँपालिका-५ का कान्छाराम घलानका छोरा २१ वर्षीय मनिष घलानलाई फेला पारी नियन्त्रणमा लिएको थियो ।

खानतलासी गर्दा मनिष घलानको पाइन्टको गोजीमा आईस चुरोटको बट्टामा कालो प्लास्टिकमा बेरी लुकाइ ल्याएको ब्राउन सुगरजस्तो देखिने पदार्थ ९.३०० ग्राम फेला परेको प्रहरीले




जनाएको छ । उनीहरूबाट प्राप्त बयान र थप अनुसन्धानका क्रममा प्रहरीले असोज आज आईतवार बिहान साढे ९ बजे कटानी टोलकै ४० वर्षीय संजु भन्ने ज्ञानबहादुर थिङ (मानबहादुर थिङका छोरा) र २० वर्षीय आजत अन्सारी (सर्पदिन महमदका छोरा)लाई पनि नियन्त्रणमा लिएको हो ।

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरकी प्रमुख डिएस्पी रुपा लाबुङका अनुसार, संजु थिङको घर खानतलासी गर्दा स-साना २० पुरिया ब्राउन सुगरजस्तो देखिने पदार्थ (१.८६० ग्राम), "निट्राजेपाम" लेखिएका १३ थान ट्याबलेट र नगद ६५हजार,१०० रुपैयाँ बरामद गरिएको छ ।

डिएसपी लाबुङका अनुसार, "बरामद लागूऔषधको प्रारम्भिक परीक्षण भइरहेको छ र पक्राउ परेका चारै जनामाथि थप अनुसन्धान जारी छ ।"

प्रहरीले घटनालाई लागूऔषध नियन्त्रण ऐनअन्तर्गत मुद्दा दर्ता गरी जिल्ला अदालतमा पेश गर्ने तयारी गरेको जनाएको छ ।

# ब्राउन सुगरसहित २ जना पक्राउ



**टुडे समाचारदाता**

लहान । दुई फरक कारबाहीमा लागूऔषध (ब्राउन सुगर) सहित तीन जनालाई सिरहा प्रहरीले पक्राउ गरेको छ ।

शनिबार अबेर राति इलाका प्रहरी कार्यालय गोलबजार र लागूऔषध नियन्त्रण ब्युरोको संयुक्त गस्ती टोलीले गोलबजार नगरपालिका-०६ दुर्गा मन्दिर स्थित गोलचक्रबाट गुम्बा चोकतर्फ आउँदै गरेको प्रदेश २-०१-००१ प. ३०२६ नम्बरको मोटरसाइकलमाथि शंका लागेर चेकजाँच गर्दा लागुऔषध फेला परेको थियो ।

सिरहा प्रहरीले प्लाष्टिकबाहेक १५ ग्राम ब्राउन सुगर (खैरो हेरोइन) सहित मोटरसाइकल नियन्त्रणमा लिएको छ। पक्राउ पर्नेमा मोटरसाइकल चालक गोलबजार नगरपालिका-०७ का २९ वर्षीय सुनिल साह र सोही मोटरसाइकलमा सवार धनगढीमाई नगरपालिका-७ का २४ वर्षीय बिष्णुदेव यादव रहेका छन् । उनीहरूलाई इलाका प्रहरी कार्यालय गोलबजारमा राखी थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

त्यस्तै शनिबार नै राति ९ बजे इलाका प्रहरी कार्यालय माडरबाट खटिएको गस्ती टोलीले गोप्य सूचनाका आधारमा सिरहा नगरपालिका-१७ पटेर्वा गाउँभन्दा करिब ३०० मिटर दक्षिण धान खेतको बाटो हुँदै भारततर्फ लागुऔषध गाँजा बोकेर लैजाँदै गरेका तस्करहरूलाई पछ्याएका थिए । प्रहरी टोलीलाई देख्नासाथ तस्करहरू टाउकोमा बोकेको प्लाष्टिकसहित ६४.९ किलोग्राम गाँजा फालेर भागेका थिए। भाग्ने क्रममा प्रहरीले भारत, बिहार, मधुबनी, थाना जयनगर बेलहीका ५५ वर्षीय श्रीचन मण्डललाई नियन्त्रणमा लिएको छ। बरामद गाँजा र पक्राउ परेका मण्डललाई जिल्ला प्रहरी कार्यालय सिरहामा ल्याइ अनुसन्धान भइरहेको र फरार भएका अन्य व्यक्तिको खोजी कार्य जारी रहेको सिरहा प्रहरीले जनाएको छ ।

# अस्पतालमा बन्धक बनेका माझीलाई गरुडाका मेयरले उद्धार गरी घर पठाए

**टुडे समाचारदाता**

रौतहट । रौतहटको मध्यभाग गरुडा नगरपालिकाका मेयर कन्थमणि जैसवालले मानवताको उत्कृष्ट उदाहरण प्रस्तुत गर्दै आर्थिक अभावका कारण अस्पतालमा बन्धक बनेका एक बिरामीलाई उद्धार गरेका छन् ।

गरुडा ६ का बनवारी माझीका छोरा शम्भु माझी करिब तीन महिनादेखि उपचाररत रहेका वीरगंजस्थित एल.एस. न्युरो अस्पताल बिरगंजमा ३ लाख ५० हजारभन्दा बढीको बिल तिर्न नसकेर बन्धक बनेका थिए ।

बिरामीको परिवारले सहयोगका लागि वडा अध्यक्ष रामबाबु चौधरीमार्फत मेयर जैसवाललाई अनुरोध गरेपछि, मेयर जैसवालले आज आईतवार अस्पतालको सम्पूर्ण बिल भुक्तानी गरी शम्भु माझीलाई उद्धार गरेका हुन्। अस्पतालबाट छुटेपछि शम्भु माझीलाई गरुडा नगरपालिकाको एम्बुलेन्समार्फत सुरक्षित रूपमा घर ल्याइएको वडा अध्यक्ष चौधरीले बताएका छन् । वडा अध्यक्ष चौधरीका अनुसार, "शम्भुको परिवार निकै विपन्न अवस्थाको हो। मेयर जैसवालले देखाएको मानवीय संवेदनशीलता साँच्चिकै प्रशंसनीय छ ।" त्यस्तै नगरप्रमुख जैसवालले भने, "जनताको दुःख-सुखमा सधैं साथ दिनु नै जनप्रतिनिधिको कर्तव्य हो। कुनै नागरिक आर्थिक अभावमा स्वास्थ्य उपचारबाट वञ्चित हुनु हुँदैन ।" अस्पतालमा बन्धक बनेका विपन्न वर्गका नागरिकलाई नगरको नेतृत्वबाट नै सहयोग प्रदान गर्नु सामाजिक न्याय र उत्तरदायी नेतृत्वको सशक्त उदाहरण हो ।

माझीको शरीरको बिभिन्न भागको हड्डी भाँचेर गम्भीर अवस्थामा एल एस न्यूरो अस्पतालमा उपचारका लागि भर्ना भएका थिए ।



# उपचारको माग गर्दै बीपी राजमार्गमा आन्दोलन



**टुडे समाचारदाता**

बर्दिवास । महोत्तरीको बर्दिवासस्थित बीपी राजमार्गमा दुर्घटनामा परेर घाइते भएकाहरुको उपचार नभएको भन्दै उनीहरुको परिवारजनले आन्दोलन थालेका छन् । असोज १७ गते बर्दिवासको खयरमारामा भएको दुर्घटना भएर घाइते भएकाहरुको बिपी यातायातले उपचार गर्न नमानेपछि उनीहरुले राजमार्ग बन्द गरेर आन्दोलनमा उत्रेका छन् ।

पूर्व-पश्चिम राजमार्ग हुँदै बीपी राजमार्ग भएर काठमाण्डु प्रस्थान गर्ने सबै सवारीसाधन रोकेर पीडित परिवारसहित स्थानीयहरुले चक्का जाम गरेका छन् ।

चक्का जाममा जनप्रतिनिधिहरुको समेत उपस्थिति रहेको छ । बर्दिवास- १० र ११ का स्थानियहरु राजमार्गको गौरिडाडामा बसेर आवतजावत गर्ने सबै सवार ीसाधनहरु रोकेका छन् ।

वडा नम्बर १० का पूर्ण मोक्तान यातायात प्रालिका प्रतिनिधिसगँ पटक-पटक छलफल गर्दा पनि उपचारमा बेवास्ता गरेपछि सडक चक्काजाम गर्न बाध्य भएको बताउँछन् ।

वडा- ११ का वडाध्यक्ष गोपाल बल पनि चक्का जाममा सहभागी भएका छन् । दुर्घटनामा परेर ३४ जना घाइते भएका थिए भने दुई जनाको घटनास्थलमा नै मृत्यु भएको थियो ।

घाइते मध्येका ६ जनालाई सेनाको हेलिकप्टरबाट थप उपचारको लागि काठमाडौं लगिएको थियो । अहिले उनीहरुको वीर अस्पताल, ट्रमा सेन्टर र भक्तपुरको एक अस्पतालमा उपचार भइरहेको जनाइएको छ ।

आर्थिक अभावमा अस्पतालले उपचार गर्न नमानेपछि बीपी यातायातसगँ बार्ता भए पनि उनीहरुले बेवास्ता गरेको पीडित पक्षले दाबी गरेका छन् । तत्काल उपचारमा तदारुकता नदेखाए थप आन्दोलनलाई सशक्त बनाउने उनीहरु बताउँछन् ।

# वीरगञ्ज-काठमाण्डु रुटको बसबाट १ लाख बढीको ७ पटाका बरामद

**टुडे समाचारदाता**

बारा । बारा प्रहरीले अवैध पटाका बरामद गरेको छ । प्रहरीले वीरगञ्जबाट काठमाण्डुतर्फ लैजाँदै गरेको एक यात्रुबाहक बसबाट ठूलो परिमाणमा प्रतिबन्धित पटाका बरामद गरेको हो ।

आइतबार इलाका प्रहरी कार्यालय अमलेखगञ्जबाट प्रहरी नायव निरीक्षक धन प्रसाद श्रेष्ठको कमाण्डमा खटिएको चेकिङ टोलीले जीतपुर सिमरा उप-महानगरपालिका-२१, अमलेखगञ्जस्थित चेक प्वाइन्टमा सवारी साधन जाँच गरिरहेको थियो ।

सोही क्रममा वीरगन्जबाट काठमाडौंतर्फ गइरहेको ना.६ ख. ६२९३ नम्बरको यात्रुबाहक बसलाई रोकेर चेकजाँच गर्दा बसको डिकी भित्र लुकाई-छिपाई राखिएको अवस्थामा विभिन्न किसिमका प्रतिबन्धित पटाका फेला परेको थियो ।

बरामद गरिएको अवैध पटाकाको अनुमानित बजार मूल्य १ लाख ७ हजार रुपैयाँ रहेको प्रहरीले जनाएको छ। प्रहरीले प्रतिबन्धित पटाका नियन्त्रणमा लिएर आवश्यक कानुनी प्रक्रिया अगाडि बढाएको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ ।

खुला सीमाको फाइदा उठाउँदै चाडपर्वहरू नजिकिँदै गर्दा पटाका लगायतका प्रतिबन्धित वस्तुहरूको तस्करी बढ्ने सम्भावनालाई ध्यानमा राखी प्रहरीले सीमा नाका र मुख्य सडक खण्डमा चेकजाँचमा कडाइ गरेको छ । बरामद पटाका तस्करीमा संलग्न व्यक्तिहरू बारे थप अनुसन्धान भइरहेको प्रहरीले उल्लेख गरेको छ ।



जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८